लेखापरीक्षण प्रतिवेदन

सुनापती गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सुनापती गाउँपालिका, रामेछाप

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/145

श्रीमान् अध्यक्षज्यू,
सुनापती गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/145

श्रीमान अध्यक्षज्यू,
सुनापती गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रामेछाप।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२.गाउँपालिकाको आय र व्यय तर्फ रू.१ अर्ब २७ करोड ६० लाख ३० हजारको लेखापरीक्षणबाट रु.१ करोड ८२लाख ७१ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ करोड ३१ लाख ५१ हजार सम्परीक्षण एवं सम्परीक्षणबाट थप रु.६०लाख ७१ हजार समेत रु. १ करोड ११ लाख ९१ हजार बाँकी रहेको छ। बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रु. ८ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ११ लाख ८३ हजार रहेको छ। गत वर्षसम्मको कायम बेरुजू रु.१६ करोड ४३ लाख १९ हजार बाट यो बर्ष रू.४ लाख ३२ हजारको सम्परीक्षण भई बाँकी रहेको रु १६ करोड ३८ लाख ८७ हजार र यो बर्ष थप रु. १ करोड ११ लाख ९१ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड ५० लाख ७८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७८	६२	१,८२,७१,६०१	०	५१	१,३१,५१,८६७	६०,७१,३७८	७८	११	१,११,९१,११२	८,०००	१,११,८३,११२	०	०	०	१,११,८३,११२	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रामेछाप	१६,४३,१९,७००		४,३२,०००	१६,३८,८७,७००	०	१,११,९१,११२	१७,५०,७८,८१२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	७२	समुदायमा आधारित पुनःस्थापना (सी.बि.आर) कार्यक्रमः	१२,८७३
२	२०८१/८२	५८	मापदण्ड भन्दा बढी भुक्तानी :-	२५,७५५
३	२०८१/८२	५५.३	ब्याक हो लोडर आम्दानीः	२८,९३०
४	२०८१/८२	४८	बिज्ञापन वोर्ड कोष	९०,०००
५	२०८१/८२	६५	बाटो सफाईमा ईन्धन खर्च :-	६,८२,९७०
६	२०८१/८२	९५	बढी भुक्तानीः	४३,०४८
७	२०८१/८२	८९	प्रोभिजनल समः	४५,०००

८	२०८१/८२	४९	प्रमाण पेशः	१,५६,५९९
९	२०८१/८२	७४	प्रकोप व्यवस्थापन कोष तर्फ	९,५४,५९०
१०	२०८१/८२	४३	पेश्की बाँकी	३,५०,०००
११	२०८१/८२	९०	पूर्व निर्धारित क्षतिपूर्तिः	८१,२५७
१२	२०८१/८२	८८	पूर्व निर्धारित क्षतिपूर्ति	१,९०,६८०
१३	२०८१/८२	९३	पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको	८८,६१,३७८
१४	२०८१/८२	१००	पाइपको प्रयोगः	५२,८४०
१५	२०८१/८२	६४	नृत्य प्रशिक्षण कार्यक्रम :-	१,८२,३००
१६	२०८१/८२	६८	दोहोरो भत्ताः	५,०००
१७	२०८१/८२	६९	दैनिक भ्रमण भत्ताः	८,४००
१८	२०८१/८२	७९	दिवा खाजाः	७२,१८८
१९	२०८१/८२	९९	झोलुङ्गे पुलः	३,९०,८०२
२०	२०८१/८२	९८.३ र ९८.४	गृहणी महिला सशक्तिकरण कार्यक्रमः	९९,०३२
२१	२०८१/८२	७५	गलैंचा बुनाई सीप विकास तालिमः	५४,०००
२२	२०८१/८२	६२	कार्यालयमा हाजिर कर्मचारीलाई भ्रमण भत्ता :-	६१,०००
२३	२०८१/८२	७६	कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः	६,५०,०००
२४	२०८१/८२	५२.१	उपचार खर्चः	१०,०००
२५	२०८१/८२	७१.१ र ७१.२	आन्तरीक लेखापरीक्षण	३६,१००
२६	२०८१/८२	१०१	अग्रिम आयकरः	७,१२५
२७	२०८०/८१	४८	भ्रमण अवधिमा बैठक भत्ता	४,८००
२८	२०८०/८१	७६	बिल भर्पाई	५०,०००
२९	२०८०/८१	५८	पेश्की बाँकी	३,६७,०००
३०	२०८०/८१	३९	एकै बिषयमा धेरै पटक भत्ता	१०,२००
जम्मा				१,३५,८३,८६७

सुनापती गाउँपालिका, रामेछाप

(८०३२४५०६३००)

सुनापति गाउँपालिका , रामेछाप

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसगाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्धेश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, ८६.९८ वर्ग किलोमिटर क्षेत्रफल तथा १४ हजार ६५८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :-लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।७ देखि २०८२।०५।१० सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- गाउँपालिकाको आय र व्ययतर्फ रू.१ अर्ब २७ करोड ६० लाख ३० हजरको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुलीः लेखापरीक्षणको क्रममा एम्बुलेन्स आम्दानी वापत रु १००००.०० र सामाजिक सुरक्षा भत्ता वापत रु.७८४००.०० समेत रु.८८४००.०० असुल भई राजस्व दाखिला भएको प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत आय व्यय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

सुनापति गाउँपालिका आ व २०८१/०८२ एकीकृत आय व्यय विवरण					
प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		६१४२६६१५	चालु खर्च		३१४८७१८७९
१.संचित कोष	३९२५९६०२		१. पालिका तर्फ	१११६७५७८४	
२.धरौटी	६८२००८९		२. संघीय सशर्त	१८४६५९०५५	
३.कार्यसञ्चालन विविध कोष	८४२१५४२		३. संघीय विशेष	०	
४.प्रकोप कोष	६९२५३८२		४. प्रदेश सशर्त	१४५५०६०१	
यस वर्षको आय		६२९९५१६७३	५. प्रदेश विशेष	३९८६४४०	
१.आन्तरिक आय	६२७७३३३	६२७७३३३	पुँजीगत खर्च		१४३५९६८०२
२. वित्तीय हस्तान्तरण (संघ)		४११७४८७३४	१. पालिका तर्फ	९६२८९४२१	
क) समानीकरण अनुदान	९८४५८४८०		२. संघीय सशर्त	११३८९७२३	
ख) राजस्व बाँडफाँट	६८६७७२५४		३. संघीय विशेष	७०२७०८६	
ग) सशर्त अनुदान	२२०६१३०००		४. संघीय समपुरक	१४०२२७७	
घ) समपुरक अनुदान	१०००००००		५. प्रदेश सशर्त	८४८८२९५	
ङ) विशेष अनुदान	१४००००००		६. प्रदेश विशेष	०	
च) रोयल्टी			७. प्रदेश समपुरक	१९००००००	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१२२३६६५२४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		८१३५०७०९	क) सामाजिक सुरक्षा	११६८४१११०	
क) समानीकरण अनुदान	१०९२९०००		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६४०४१४	
ख) राजस्व बाँडफाँट	१६१५३७०९		ग) स्वास्थ्य क्षेत्र सुधार	१८८५०००	
ग) सशर्त अनुदान	२९२६८०००		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	२०००००००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	५००००००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	३७०२६४६	३७०२६४६
छ) अन्य			कार्यसञ्चालन कोष	६१९९१४५	६१९९१४५
४. अन्तर सरकारी अख्तियारी (संघ)		१२२३६६५२४	प्रकोप व्यवस्थापन	६९६४४७८	६९६४४७८
क) सामाजिक सुरक्षा	११६८४१११०		गैरसरकारी संस्थाबाट सञ्चालित योजना		
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३६४०४१४		अन्य सहयोगमा सञ्चालित योजना		
ग स्वास्थ्य क्षेत्र सुधार	१८८५०००		अन्य खर्च भएमा		

५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		४८३७७३२४
६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ	४०१३४८५९	
७. धरौटी आय		५३२१३४८	क) सशर्त अनुदान	२४५६४२२२	
८. विविध		३३०६३५	ख) विशेष अनुदान	८५९७७२३	
९. प्रकोप		१००००००	ग) समपुरक अनुदान	६९७२९१४	
१०.गैरसरकारीयोजना			प्रदेश	८२४२४६४	
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	६२२९१०४	
१२. अन्य आम्दानी सञ्चित कोष	१५५६३९०	१५५६३९०	ख) विशेष अनुदान	१०१३३६०	
			ग) समपुरक अनुदान	१००००००	
			अन्तिम मौज्दात		४५२९९४८९
			१. संचित कोषको मौज्दात	३३३४६७६३	
			२. धरौटी	८४३८७९१	
			३. विविध कार्यसञ्चालन कोष	२५५३०३२	
			४. प्रकोप व्यवस्थापन	९६०९०४	
	जम्मा	६९१३७८२८८	जम्मा		६९१३७८२८८

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ वित्तीय विवरणको विश्लेषण

३.१ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाको लेखा प्रणाली सुत्रले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्तियारी तर्फको सामाजिक सुरक्षाको रू.११६८४१११०.००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३६४०४१४.०० र अन्य स्वास्थ्य क्षेत्र सुधारमा रु.१८८५०००.०० समेत रु.१२२३६६५२४.०० लेखाङ्कन भएको छैन । गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि रकम उल्लेख भएको देखिदैन र सो समावेश भएतापनि म.ले.प.२७० को वित्तिय विरणमा समावेश हुँदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा गाउँपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै कारोबार प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले नेपाल सरकारको मिति २०७९।८।२० मा स्वीकृत संशोधित सार्वजनिक क्षेत्र लेखामान

(NPSAS) अनुसार लेखाङ्कन तथा एकीकृत वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । गाउँपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.३ **फरक हिसाबः** यस गाउँपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	६१२७१७२३.३६	४५०९९९४५२.४३	४५८४६९५८१.१५	४३५८७३०७.३८
एकीकृत आर्थिक विवरणअनुसार	६१४२६६१५	६२९९५१६७३	६४६०७८७९९	४५२९९४८९
फरक	-१५४८९२	-१७८९५२२२१	-१८७६०९२१८	-१७१२१८२

• गाउँपालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा गाउँपालिकामा हुने सवै आम्दानी खर्च समेटिएको तर सुत्र अनुसारको गाउँपालिकाको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा गाउँपालिकाको सवै आम्दानी खर्च नसमटिएकोले म.ले.प.फा.नं.२७० को बैंक मौज्दात र एकीकृत आर्थिक विवरणको बैंक मौज्दातमा रू.१७१२१८२ फरक देखिन्छ । साथै टिप्पणी ५ अनुसार कोषहरूको प्राप्ति भुक्तानी र बाँकी विवरण सँग आर्थिक कारोवार म.ले.प.फा.नं.२७० को वार्षिक प्रतिवेदनसँग भिड्नु पर्नेमा सो पनि भिड्दैन।

• गाउँपालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन तथा पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसार मौज्दात जिम्मेवारी रु.४,६२,५०,२४२.१८ रहेको, यस वर्ष पालिकाको वित्तीय प्रतिवेदन म.ले.प फा नं. २७० मा जम्मा रु.६,१२,७१,७२३.३६ मौज्दात जिम्मेवारी सारेकोमा पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा रु.६१४२६६१५.२८ मौज्दात जिम्मेवारी सारी सुत्रमा भन्दा रु. १५४८९२ बढी जिम्मेवारी देखिन्छ । यसरी बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गरेर सुत्रमा पनि सोही अनुसार जिम्मेवारी सार्नुपर्दछ।

• गाउँपालिकाको म,ले.प.फाराम नं २७० को सञ्चित कोषको वार्षिक आर्थिक अनुसार गत वर्ष सञ्चित कोषमा रु.३९१०४७०९.९२ मौज्दात् रहेकोमा एकीकृत आर्थिक विवरणमा रु.३९२५९६०१.८४ जिम्मेवारी सारेको छ । सञ्चित कोषमा बढी जिम्मेवारी सारेको रकम यकिन गरी हिसाबमिलान गर्नुपर्दछ ।

•गाउँपालिकाले यस वर्ष रु.६२९९५१६७३ विभिन्न आय प्राप्ति गरी रु.६४६०७८७९९ भुक्तानी खर्च लेखेकोमा रु.१,६१,२७,१२६ बढी खर्च गरेको छ ।

३.४ **बैंक हिसाब मिलानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा गाउँपालिकाले पेश गरे अनुसारमा श्रेस्ता तथा बैंकमा निम्नानुसार फरक परेको देखिन्छ ।उल्लेखित व्यवस्था अनुसार बैंक हिसाब तयार गरी हिसाबमिलान गर्नुपर्दछ ।

खाताको प्रकार	श्रेस्ता अनुसार बाँकी रु	बैंक अनुसार बाँकी रु
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०.००	०.००
ग १.३, आन्तरिक अनुदान खाता	०.००	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	(१,०५,१८६.७७)	०.००
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	०.००
ग २.७, विविध खर्च खाता	२५,५३,०३१.८३	२५,५३,०३१.८३
ग ३.१, स्थानीय तह धरौटी खाता	८४,३८,७९०.८०	८४,३८,७९०.८०
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	३,१६,३५,२८१.२०	३,१६,३५,२८१.२०
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	९,६०,९०३.५५	९,६०,९०३.५५
जम्मा	४,३४,८२,८२०.६१	४,३५,८८,००७.३८

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु.४,३४,८२,८२०.६१ बाँकी रहेकोमा बैंकमा रु. ४,३५,८८,००७.३८ मौज्दात देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात बढी देखिएको रु.१०५१८६.७७ का सम्बन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्दछ ।

३.५ **वित्तीय विवरणमा फरकः** पालिकाको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७० सँग सोही प्रतिवेदनको टिप्पणी र अनुसूचीमा भएका प्राप्ति हिसाब यथार्थ हुनु पर्दछ । टिप्पणीमा भएको प्राप्ति हिसाब र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदनमा देखिएको प्राप्ति तर्फ निम्न शीर्षकको रकमसँग मिलान भएको देखिएन ।

संकेत	शीर्षक	म.ले.प.फा.नं.२७०	टिप्पणी १.२ (स्थानीय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण)
११०००	कर	८७५७६३६०	८७५७६३६०
१३०००	अनुदान	३५९८९११५६	०
१४०००	अन्य राजस्व	३५३१९३७	३५३१९३७

टिप्पणी र वित्तीय प्रतिवेदनमा एउटै शीर्षकमा फरक फरक रकम भएकोले प्राप्ति/भुक्तानी र मौज्दात रकम यथार्थ हो भन्ने आधारमा स्पष्ट हुन सकिएन ।

४ कर दायित्व एवं राजस्व दाखिला

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टी भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले विभिन्न शीर्षकतर्फ कट्टी गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला बाँकी रहेको कर दायित्व २०८०।८१ मा बढी दाखिला गरेको रु.४०२५५९.०० जनाएको, त्यस्तै आ व २०८१।८२ को यकिन भई सकेको कर तथा कट्टा गरेको दायित्व रकममा रु.१,०४,४८६.७७ बढी दाखिला भएको जनाएको छ ।लेखापरीक्षण अवधिसम्म पनि बढी दाखिला गरेको जनाएको सम्बन्धमा अभिलेख तयार गरी स्पष्ट कारण खुलाइ हिसाब मिलान गरेको छैन ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ।गाउँपालिकाले ऐन अनुसार प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका केही थप व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको ,

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरुयोजना / खरिद योजना तयार नगरेको ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको ,

• गाउँपालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसूची २११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको ,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको देखिएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गर्नुपर्नेमा सो नगरेको,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्नुपर्नेमा नगरेको ,

• स्थानीय निकायले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा नगरेको ,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्ने गरेको ,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मुल जिन्सी खाता अध्यावधिक नगरेको ,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्नेमा नगरेको ,

• पालिकाले तयार गरेको नापी किताबमा प्रत्येक रनिङ् विलमा हालसम्म भएको कामको नापी गरी चढाउनु पर्नेमा यस बिलको मात्र नापी चढाउने गरेको कारण कुल कति कामको नापी भएको हो स्पष्ट देखिएको छैन साथै अन्तिम बिलमा समेत कुल काम अनुसारको नापी गरेर राख्नुपर्नेमा नराखेको ,

• गाउँपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा बाटो खन्ने कार्यको लागि एक्साभेटरको भाडा मूल्य अभिबृद्धि कर समेत राखेर लागत अनुमान तयार गरेकोमा कतिपय उपभोक्ता समितिले पालिकाको मेशिन प्रयोग गरेको देखिन्छ । उपभोक्ता समितिलाई मु.अ.कर भुक्तानी हुने भएकोले कार्यसम्पन्न प्रतिवेदन गर्दा यदि उपभोक्ताले पालिकाको मेशिन प्रयोग गरेको भएमा सो बराबर काममा भएको भुक्तानीमा मु.अ. कर रकम कट्टा गरेर भुक्तानी गर्नुपर्नेमा नगरेको ,

• पालिकाले अधिकांश पहिरो सडक सरसफाईमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत पटके रुपमा काम गराएको पाईएकोले विपत व्यवस्थापन शीर्षक अन्तर्गत बजेट विनियोजन गरी विपतग्रस्त स्थानको प्राविधिक लागत अनुमान समेतको मुल्यांकन गरी बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्नेमा नगरेको ,

• गाउँपालिकाबाट सम्पन्न भएका योजनाहरुको गाउँपालिकास्तरीय अनुगमन समितिले अनुगमन गर्दा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधिले अनुगमन फारममा उपस्थिति जनाउनुपर्नेमा सो नगरेको ,

• भ्रमण खर्च नियमावली २०६४ को नियम २१ अनुसार भ्रमण अभिलेख खाता नराखेको साथै भ्रमण सम्पन्न भई सकेपछि भ्रमण प्रतिवेदन समेत पेश नगरेको ,

• कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखले गोश्वारा भौचर प्रमाणित गर्नुपर्नेमा नगरेको ,

• विभिन्न महसुल र सवारी दर्ता नवीकरण समयमै गर्नुपर्नेमा विलम्व दस्तुर तिर्दा पालिकालाई थप व्ययभार परेको ,

• उपभोक्ता समिति गठन गर्दा पर्याप्त संख्यामा भेला नहुने र समितिमा बस्ने संख्या मात्र सहभागी भई उपभोक्ता समिति गठन हुने गरेको ,

वडा कार्यालयतर्फ

• वडावाट सामान खरिद गर्दा कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बिजकमा सवारी साधन नम्बर उल्लेख नगरेको ,

• खरिद गरेका सामानको पाम्समा दाखिला हुने नगरेको,

• शिर्षकगत विनियोजन नभएकोले खर्चको वास्तविकता र यथार्थता नखुल्ने हुनाले मितव्ययी नदेखिएको

• खर्च भएर नजाने सामानको समेत पालिकाको प्रशासन, भण्डार र लेखा शाखाको समन्वयमा माग फारम भरी मौज्दातबाट सामान लैजाने वा खरिद आदेश प्राप्त गरी खरिद गर्नु पर्नेमा सो नगरी पेश्की लिई आफै सोझै खरिद गरी बिल पेश गरी भुक्तानी लिने गरेकोले खरिद प्रकृयामा आन्तरिक नियन्त्रण कायम भएको नदेखिएको,

• कार्यालय सञ्चालन लगायत अन्य खरिद समेतको लागि कर्मचारीलाई पेश्की दिने गरेको,

• भ्रमणको मूल्याङ्कन योग्य र प्रष्ट उद्देश्य सहितको आदेश दिई तोकिएको अधिकारीबाट स्वीकृत हुनु पर्ने, भ्रमण स्थान खुलाउनुपर्ने र भ्रमण बाट फर्किए पछि भ्रमणको उद्देश्य ,अवस्था, उपलब्धि तथा सिकाइ, समस्या र सुझाव सहितको स्वीकृत ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेमा सो नगरेको,

• विविध खर्च तर्फ खाजा खानाका बिल संग वैठकको उपस्थिति माईन्यूट आगन्तुक पुस्तिका र कार्यक्रम सहभागी उपस्थिति स्रेस्तासाथ संलग्न नगरेको,

• खरिद गरी सामान हस्तान्तरण गरेको जनाएकोमा प्रमाणित हस्तान्तरण फाराम संलग्न नगरेको,

• बिल भर्पाई वडा सचिव समेतबाट प्रमाणित हुने नगरेको,

• चलानी नं दोहोरो लेख्ने गरेको,

• वडा समितिको माईन्युटमा एकै प्रकृतिका र उही निर्णयमा पटक पटक बैठक बसी भत्ता बुझेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ लेखापरीक्षण प्रतिवेदन उपर छलफल

लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय निकायको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्ने व्यवस्था छ । यो वर्ष गाउँपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरेको भएतापनि लेखापरीक्षण प्रतिवेदनका व्यहोरा (सैद्धान्तिक व्यहोरा समेत) उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम बेरुजु फर्छयौटको कारवाही टुङ्गो लगाई कानूनको पालना तथा स्थानीय निकायको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको बैठक वर्षभरिमा १ पटक पनि बसेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र गाउँपालिकाको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्षले मिति २०८१।०३।१० मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ५६ करोड ९० लाख ५२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा पारित भएको छ । साथै गाउँपालिका प्रमुखले मिति २०८०।०४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१० अबण्डा रकम

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आयव्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारका कार्यक्रम तथा शीर्षकमा बजेट अबण्डा राखी अन्य शीर्षकहरुमा समेत खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी पटके तोकादेशबाट बजेट खर्च गर्ने गर्दा आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

कार्यक्रम/आयोजना/क्रियाकलाप	विनियोजन	खर्च	खर्च प्रतिशत (%)
प्रशासकीय भवन अन्य व्यवस्थापन	५००००००	३२४०७०२	६४
परामर्श सेवाको दायित्व	५५०००००	५४०९५३२	९८
सौर्य लघु उर्जा सार्वजनिक निजी साझेदारी कोष	४१६८८००	१३११६२०	३१

११ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पुँजीगत कार्यक्रमतर्फ निर्माणका योजनामा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १०२ योजनामा बजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-५० लाख सम्म	५० लाख भन्दा बढी	जम्मा
९	३१	३५	१७	८	२	१०२

उपर्युक्त विवरणअनुसार ५ लाख भित्रका योजना ७५ वटा अर्थात करीब ७४ प्रतिशत रहेका छन् । गाउँपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१२ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (३) अनुसार पालिकाले सभावाट स्वीकृत नीति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २०८१ आषाढमा आर्थिक वर्ष ०८१। ८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिकाको पटके निर्णयवाट ४९ वटा विभिन्न योजनामा रु.३,६८,२२,५००.०० घट गरी ९३ वटा नयाँ योजनाामा बढाएर रकमान्तर गरी खर्च गरेको छ । उक्त रकम पारित सुरु बजेट रु.५६,९०,५२,०००.०० को ६.४ प्रतिशत हुन आउँछ । कार्यपालिकावाट गरेका सम्पूर्ण निर्णयहरु आ. व. २०८२।८३ को बजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पूर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शीर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियमसम्मत देखिएन । तोकिएको सीमाभित्र तोकिएको शीर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सीमाभित्र मात्र रकमान्तर गरी बजेट कार्यान्वयन प्रकृयालाई पारदर्शी बनाउनुपर्दछ ।

१३ **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत सभाबाट गत वर्षको ७ योजनाको रु.७२ लाख २२ हजार र यस वर्ष २ योजनाको रु.३४ लाख ६० हजार भुक्तानी दिन बाँकीको व्यवस्था जनाएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केही सालबसाली ठेक्काका योजनाको रकम समेत भुक्तानी बाँकीको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनी गाउँपालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

१४ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी ८ र यो वर्ष थप भएको १६ गरी कुल २४ विवाद दर्ता भएकोमा १७ वटा फर्स्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय

तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १३ वटा ऐन, ६ वटा नियमावली, ४६ वटा कार्यविधि लगायत ७७ वटा कानुन निर्माण गरेको छ । साथै पालिकाले कानूनहरू गाउँसभा / कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेकोमा केही कानुनहरु राजपत्रमा प्रकाशन नै नगरी कार्यान्वयनमा ल्याएको छ । उल्लेखित कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१६ सूचनाको हक

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ बमोजिम नगारिकको सूचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसंग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गीकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले स्वतः प्रकाशन नगरेको, वेभ साईट समय समयमा अद्यावधिक गर्ने नगरेको र सुचनाको वर्गीकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै छुट्टै अभिलेख अद्यावधिक गरेको पाइएन। कार्यालयले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१७ आय अनुमान तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केही शीर्षकमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने कतिपय राजस्व शीर्षकमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा १३९ प्रतिशत संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
११३१३- सम्पत्ति कर	४००००	४६३०१	११५.८
११३१४- भूमिकर/मालपोत	५०००००	१०९७७१८	२१९.५
११३१७- बहाल कर	६०००००	६२७५७९	१०४.६
११६११- व्यवसायले भुक्तानी गर्ने	२००००	२१६००	१०८.०
११६९१- अन्य कर	१०००००	१०११४५	१०१.१
१४१७८- सवारी साधन कर	५००	२००	४०.०
१४२१२- सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	२०००००	२७३८००	१३६.९
१४२१३- अन्य बिक्रीबाट प्राप्त रकम	१०००००	१०००००	१००.०
१४२१९- अन्य सेवा शुल्क तथा बिक्री	६६०००	८९६१९	१३५.८
१४२२१- न्यायीक दस्तुर	१०००	३४००	३४०.०
१४२२३- शिक्षा क्षेत्रको आम्दानी	२५००	४४००	१७६.०
१४२२४- परीक्षा शुल्क	२००००	३३६००	१६८.०
१४२२९- अन्य प्रशासनिक सेवा शुल्क	१५००००	१६७८००	१११.९
१४२४२- नक्सा पास दस्तुर	१०००००	१२१६४३	१२१.६
१४२४३- सिफारिस दस्तुर	७०००००	९४५३००	१३५.०
१४२४४- व्यक्तिगत घटना दर्ता दस्तुर	३०००००	३७६७००	१२५.६
१४२४५- नाता प्रमाणित दस्तुर	१०००००	१३०६००	१३०.६
१४२४९- अन्य दस्तुर	५०००००	६०३४३८	१२०.७
१४२५३- व्यवसाय रजिष्ट्रेशन दस्तुर	२०००००	२२९३३०	११४.७
१४२६३- जलस्रोत सम्बन्धी अन्य दस्तुर	१०००००	१७२४००	१७२.४
कृषि तथा पशु जन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०००००	७५४२३२	१५०.८
१४५२९- अन्य राजश्व	५००००	७९८६०	१५९.७
१४६११- व्यवसाय कर	१५००००	१९१४८१	१२७.७
जम्मा	४५०००००	६२७७३३३	१३९.५

पालिकाले एकीकृत सम्पत्ति कर लागु नगरेको र आय अनुमान समेत नगरेकोमा समेत आय प्राप्त भएको देखिन्छ । व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेको छ । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

१८ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
५३०६३५००४	६२७७३३३	१.१८

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.२,२९,३३० कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२० **खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.१४,३५,९६,८०२/- पूँजीगत खर्च (खरिद/ निर्माण कार्य) गरेको छ । गाउँपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना एवं खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२१ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

२२ **यन्त्र उपकरण सञ्चालन**

पालिकामा १ ब्यकहो लोडर र १ एम्बुलेन्स रहेका छन्। पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन र लगानी र आय विष्लेषण समेत गरेको पाइएन।उपकरण संचालन कार्यविधि तयार नगरी पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो। यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

२३ कृषि तथा पशु अनुदान

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट निम्नानुसारको रु.९३ लाख अनुदानमा खर्च भएको देखिन्छ ।

क्र सं	कार्यक्रमको नाम	साझेदार संस्था	विवरण	खर्च रकम	कैफियत
पशु अनुदान					
संघीय सशर्त					
१	बाख्रा स्रोत केन्द्र कार्यक्रम	विकास कृषि तथा पशु फार्म	खोर निर्माण १ बाख्रा खरिद १६ गोटा घेरावार, खोरको भुंई ढलान, च्यापकटर खरीद	४७२०००	
२	महामारी/आकास्मिक रोग नियन्त्रण	बडाल भेट सेन्टर	खोप तथा औषधी खरिद	८००००	
प्रदेश सशर्त					
३	पशुपालन प्रवर्दन(वंगुर) कार्यक्रम	१ सिर्जनशिल कृषि तथा पशुपन्छी फार्म २ह्याङ्ला कृषि पशुपन्छी फार्म ३ आर वि कृषि पशु फार्म	१ माउ वंगुर खरिद ५ विउ खरिद १२ कम्पाउण्ड घेरावार ३ खोर निर्माण	६९९०००	
४	कृषि व्यवसाय प्रवर्दन कार्यक्रम	मान्दरधोङ बाख्रा फर्म	खोर मर्मत बाख्रा खरिद १७ गोटा घेरावार, च्यापकटर खरीद	४८००००	
पालिका					
५	पशु स्वास्थ्य औषधी खरिद	१ महालिङ्ग भेटरिनरी सेन्टर २ वडाल भेट सेन्टर	पशु स्वास्थ्य औषधी तथा औषधी जन्य सामाग्री खरिद	१३७००००	
६	कृत्रिम गर्भधारण सेवा सञ्चालन तथा व्यवस्थापन		तरल नाईट्रोजन खरिद तथा ढुवानी	२०००००	
७	उत्पादनमा आधारित पशुपालन प्रवर्दन	१ सुनापति दूध संकलन केन्द्र २सुनापति कृषक संजाल	४२ जना दूध उत्पादक कृषकलाई अनुदान वितरण ८ गोटा कुखुरा फार्मलाई अनुदान वितरण	१००००००	
८	पशुपालन तथा व्यवस्थापन तालिम	कृषकहरु (१११+ १५)१२६ जना	४ दिने व्यवसायिक कुखुरापालन तालिम संचालन सवै वडामा १/१ दिने व्यवसायि वाख्रापालन तालिम	२०००००	
जम्मा पशु अनुदान				४३२१०००	
कृषि अनुदान					
संघीय सशर्त					
१	आ.व. २०८१ / ८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम	करण फलफूल तथा पशुपंक्षी फार्म	२० जना १२०० विरुवा रोपण सिमिन्टेड पोखरी १ वटा ष्लाष्टिक पोखरी ३ वटा	५८००००।	

२	आ.व. २०८१ / ८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम	जाँगरिलो कृषक समूह	१८ जना ६०० विरुवा रोपण २ वटा मिनिटिलर	२९००००।	
३	आ.व. २०८१ / ८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम	सूर्यमुखी कृषक समूह	२१ जना ६०० विरुवा रोपण २ वटा मिनिटिलर	२९००००।	
४	मकै बाली प्रवद्धन कार्यक्रम	पानीघाट कृषक समूह	२४ जना उन्नत मकै बीउ वितरण २ वटा मिनिटिलर, ७ वटा मिल १ वटा कर्न सेलर, १ वटा सिमिन्टेड पोखरी	६५५०००।	
प्रदेश सशर्त					
५	कृषि व्यवसाय प्रवद्धन कार्यक्रम सुनापति ५	सून्दर फूलबारी कृषि तथा पशुपंक्षी फार्म	मिनी टिलर १ वटा, १२०० विरुवा रोपण, पुरानो बगैँचा व्यवस्थापन निलो तुथो र चुना खरिद	४६५०००।	
६	कृषि व्यवसाय प्रवद्धन कार्यक्रम, सुनापति ५	आबाशगंगा कृषि तथा पशुपंक्षी फार्म	सिमिन्टेड पोखरी १ वटा ष्लाष्टिक पोखरी १ वटा ६०० विरुवा रोपण पुरानो बगैँचा व्यवस्थापन क्रेट खरिद, खाघ तत्व खरिद	४४५०००।	
पालिका					
७	कृषि उपजको उत्पादनमा आधारित	रुपाकोट मौरीपालन कृषक समूह	२२ जना, ४५०० के जी	२३००००।	
८	विनिजी कृषि फार्म सुनापति ५	विनिजी कृषि फार्म	२५० विरुवा रोपण सिमिन्टेड पोखरी १	२२२०००।	
९	कृषि प्रविधि हस्तानतरन	भानु ईन्टरप्राइजेज	३३५ वटा मिनि टिलर ५ वटा च्यफ कटर १ वटा स्लाइसर मेसिन	८७५१८१।	
१०	तरकारी बाली प्रवद्धन कार्यक्रम	एस् एन एग्रो भिजन	७ थरि तरकारी वितरण	९१५००।	
११	खाघान्न बाली प्रवद्धन कार्यक्रम	खत्री एग्रोभेट	२००० के जी मकै वितरण	१५६०००।	
१२	बाली संरक्षण कार्यक्रम	सस्टेनबल एग्रोबिज	Emamection benzoate-1200 लगायत	४८००००।	
१३	बुद्ध चित्त विरुवा वितरण	आर वि कृषि फार्म	७० वटा विरुवा वितरण	२०००००।	
जम्मा कृषि अनुदान				४९७९६८१	
कुल जम्मा				९३००६८१	

पालिकाले यन्त्र उपकरण अनुदान वितरण गर्दा पालिकाको अंश सिधै खरिद भएको फर्म वा संस्थाको खातामा र कृषकको अंश वडा सचिवले लाभग्राही वा कृषकबाट नगद संकलन गरी सो नगद कृषि शाखाका कर्मचारीको व्यक्तिगत खाता मार्फत् खरिद भएको फर्म वा संस्थाको खातामा जम्मा गर्ने गरेको पाईयो । कतिपय अनुदान वितरण तथा संरचना निर्माण कार्यमा कार्यपालिकाले वडा र स्थान तोकेर निर्णय गर्दा पालिका भरिका सबै कृषक कार्यक्रममा सहभागी हुन नपाएकोले अनुदान वितरणमा प्रतिस्पर्धा भएको देखिदैन । अनुदानग्राही

छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई छनौट भएको हो सो खुल्ने छनौटको स्पष्ट आधार नतोकी कतिपय अनुदान कार्यपालिकाबाट सोझै फर्मको नाम खुलाएरै निर्णय समेत गरेको पाइयो । विगत वर्षहरुमा समेत यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति वितरण गरिएको थियो, यसको कुनै विवरण अद्यावधिक नगरेको, यस्तै प्रकारको अनुदान प्रदेश र संघीय सरकारबाट समेत वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । पालिकाले बितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धि मापन गरेको छैन र अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको पाइएन । पालिकाले अनुगमनलाई प्रभावकारी बनाइ संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदान ग्राही छनौटको स्पष्ट आधार र मापदण्ड तयार गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ र यस्ता खर्चका पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकीकरण गर्नु गराउनु पर्दछ । लक्षित वर्ग एवं कार्यक्रमका लागि जाने करोडौ रकमको यस्ता अनुदान उत्पादनको आधारमा वितरण गर्ने मोडेल अवलम्बन गरी लाभ लागत समेतका आधारमा अनुदानलाई थप उपलब्धिमूलक वनाउने, वितरणमुखी भन्दा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकता दिई अनुदान वितरणका नवीनतम मोडेलको कार्यान्वियन गरी रोजगारी सिर्जनाका क्षेत्रमा अनुदान वितरणलाई व्यवस्थित वनाउनु पर्दछ ।

२४ **बीमा नगराएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च बीमा गराउनु पर्ने उल्लेख छ । निर्माण व्यवसायीले २० लाख माथी ठेक्काको बीमा गरेको भएपनि ठेक्का म्याद थप पश्चात् मर्मत अवधि कभर गर्ने गरी बढी अवधि थप नगरेको र उपभोक्ता समितिहरुले बीमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार ठेक्काको मर्मत अवधि कभर गर्नेगरी ठेक्काको म्याद थपसँगै बीमाको म्याद थप्नु पर्ने र उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको बीमा गराउनु पर्दछ । केही उदाहरण देहाय बमोजिम रहेका छन्ः

उपभोक्ता समिति	योजना	लागत अनुमान
बेथान पानीघाट शहिद पार्क बिस्तार उ.स.	बेथान पानीघाट शहिद पार्क बिस्तार	९६०२४१७
लामा टोल पोखरि निर्माण उ.स.	लामा टोल पोखरि निर्माण	३२०००४५
खानिखोला पालिका लिफ्ट खानेपानी योजना सुनापति गा.पा. 3 उ.स.	खानिखोला पालिका लिफ्ट खानेपानी योजना सुनापति गा.पा. 3	२९३७०४२
थान्का उत्पादन तथा तालिमका लागि भवन/टहरा निर्माण उ.स.	थान्का उत्पादन तथा तालिमका लागि भवन/टहरा निर्माण	२३४७८७४
वडा नं. ५ डाँसे आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण	वडा नं. ५ डाँसे आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण	२१४१२०१

२५ **क्षेत्रगत खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट रु.५६,९३,५२,००० बजेट मध्ये खर्च रु.४५,८७,६९,५८१.१५ अर्थात् समग्र रूपमा बजेटको ८०.८५ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	कुल खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	३६४९८८००.	२२६०३२१०.	५
२	पूर्वाधार विकास	१३८०४०७००.	१११३६२१८०.२६	२४
३	सामाजिक विकास	२७२२२२०००.	२३२६२९७८४.५८	५0
४	बातावरण तथा विकास	३०००००	३०००००	१
५	संस्थागत विकास सेवा प्रवाह र सुशासन	४७४३०००.	३९५५९८२.८	१
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	११७५४७५००.	८७९१८४२३.५१	१९
	जम्मा	५६९३५२०००	४५८७६९५८१.१५	१००%

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५० प्रतिशत र वातावरण विकास, संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् १ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकास तर्फ ५ प्रतिशत तथा पूर्वाधारतर्फ २४ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा समानुपतिक ढंगबाट खर्च गर्नु उपयुक्त देखिन्छ।

२६ खर्च बिश्लेषण

गाउँपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.६२,७७,३३३.१६ राजस्व बाँडफाँड र अनुदानबाट रू.६१५४६५९६७.०० तथा गत मौज्दात लगायतको अन्य विविध आय समेत रू.६९१३७८२८८.०० आम्दानी भएकोमा चालु तर्फ रू.३१४८७१८७९.०० पुँजीगत तर्फ रू१४३५९६८०२.०० तथा सामाजिक सुरक्षा कार्यक्रम समेतको वित्तिय व्यवस्थामा रू.१८७६१०११८.०० गरी कुल रु.६४६०७८७९९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.५२४६०५०.०० खर्च भएको छ, जुन आन्तरिक आयको ८३ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँड समेतको आम्दानी रकमबाट चालुतर्फ ४८ प्रतिशत, पुँजीगत निर्माणमा २२ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान समेतको वित्तीय व्यवस्थामा ३० प्रतिशत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

२८ लक्ष्य प्रगति

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम वार्षिक लक्ष्य प्रगति कानुनमा तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ । गाउँपालिकाले पेश गरेको विवरण अनुसार चालु तथा पूँजिगत समेतको विभिन्न खर्च शिर्षकका ४७९ वटा मुख्य कार्यक्रममध्ये ८९ वटा (१९ प्रतिशत) कार्यक्रम/परियोजनामा शुन्य प्रगति भएको, २१

वटामा २५ प्रतिशतसम्म प्रगति भएको र २१ वटामा ५० प्रतिशत सम्म प्रगति भएको र ३४९ वटामा ७५ प्रतिशतसम्म प्रगति भएको देखिन्छ । गाउँपालिकाले निर्धारित समयमा कार्यक्रम सञ्चालन गरी विनियोजित वजेट तथा तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ ध्यान गर्नुपर्दछ ।

कार्यक्रम/योजना संख्या		यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती			
			शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
चालु	३१७	३०४२७३०००	६४	१७	१६	२२०
पुँजि	१६२	१५४१९५०००	२५	४	४	१२९

२९ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ।सो अनुसार पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा सभावाट दरबन्दी स्वीकृत गरेकोमा पद दर्ता गरेको पाईएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८४ दरबन्दी स्वीकृत रहेकोमा आषाढ मसान्तसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ८१ जना (करार समेत) पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, ईन्जिनियर सहित १९ स्थायी पदहरु रिक्त रहेका छन् । पालिकामा ५ वटा वडा मध्ये २ वडा सचिव मात्र पदपुर्ति भई ३ वडामा दरबन्दी अनुसारको वडा सचिव रिक्त रहेकोमा फरक सेवाका ३ कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिएको पाईयो । पालिकाले ऐन, नियममा भएको व्यवस्था अनुसार स्वीकृत दरबन्दी अनुसारको पद दर्ता गरी रिक्त पदहरुमा स्थायी कर्मचारीहरुको पदपूर्ति हुने व्यवस्था मिलाउनु पर्दछ ।

३० कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका सहायक तहका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश “स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९” को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । गाउँपालिकाले समायोजन ऐन २०७४ को अधिनमा रहि कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को अधीनमा रही लागि स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्थालाई समेत कर्मचारी समायोजन भएपश्चात् र संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपश्चात् पनि सोही आधारमा भर्ना गरेको तथा केही पद लोक सेवा आयोगमा माग समेत नपठाएको पाईयो । गाउँपालिकाले विभिन्न पदमा करारमा ६१ जना कर्मचारी भर्ना गरी रू २ करोड २० हजार खर्च लेखेको छ । स्थानीय सरकार गठन भएको ७ वर्ष पुरा भएको यस अवधिमा शुरु वर्ष लोक सेवा आयोग संघबाट पदपूर्ति भएको तथा पटक पटक प्रदेश लोक सेवा आयोगवाट समेत विज्ञापन भएको अवस्थामा स्थायी पदपूर्ति माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा करार सेवालाई निरन्तरता दिनु उचित देखिँदैन। यसरी नियममा भएको व्यवस्था विपरीत करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा रु.२७४९५३७ भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) नियमसम्मत देखिएन ।

पद	दरबन्दी	करारमा कार्यरत	लोक सेवा आयोगमा माग नगरेको	वार्षिक खर्च रकम
ईन्जिनियर	१	१	नगरेको	५७७९५७
सब-ईन्जिनियर	४	२	नगरेको	९२४५६०
अ.सब-ईन्जिनियर	५	१	नगरेको	८३३५६०
ना.प्रा.स.	१	१	नगरेको	४१३४६०
			जम्मा	२७४९५३७

३१ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत शिक्षातर्फ रु.३१४११००७, स्वास्थ्य तर्फ रू.२१३७९३८५ र गाउँपालिका प्रशासनिक कर्मचारी तर्फ रू.१२७८९१९०/- समेत रू.६५५७९६८२/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३२ **इन्धन सुविधा**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलव्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन । गाउँपालिकामा चालु हालतमा डिजेल तथा पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे र चार पाङ्ग्रे तथा व्याक्होलोडर रहेको जनाएकोमा के कति संख्यामा रहेका छन् अद्यावधिक विवरण पेश भएको छैन । यस वर्ष गाउँपालिकाले ईन्धन वापत रू.३०,७२,३१८/- खर्च गरेको छ । सो बाहेक कन्टिन्जेन्सीबाट समेत इन्धन खर्च गरेको देखिन्छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा स्पष्ट मापदण्ड, कार्यविधि बनाई खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरी यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।

३३ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा खाना, चिया, नास्ता, जुस, पानी आदीको भुक्तानीका लागि रू.२४,२८,९२२.०० खर्च गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानी रु.६२७७३३३.१६ भएको अवस्थामा आम्दानीको करीब ३८.७ प्रतिशत विविध शिर्षकमा खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । केही उदाहरण यस प्रकार छन ।

मिति	भौ. नं.	विवरण	डेबिट
१२/०८/२०८१	३७०	श्रीराम ढुङ्गाना सहायक कम्प्युटर अपरेटर विभिन्न खर्च	१०००००
१२/१४/२०८१	३७८	देव शंकर यादव अधिकृत छैठौं जिन्सी व्यवस्थापन खर्च	१०००००
०१/२१/२०८२	४६६	देव शंकर यादव अधिकृत छैठौं विविध जिन्सी	२४१०१५
०२/२८/२०८२	५७१	पञ्च तामाङ्ग लगायत विविध खर्च	१३२०००
०३/११/२०८२	६१८	सुनापति ट्राईगर होटल खाजा खाना	६१२८०
०३/११/२०८२	६२०	जेनिथ कन्स्ट्रक्सन विविध खर्च	९८८६५
०३/१२/२०८२	६३१	डि.आर.खाद्य स्टोर्स खाद्यान्न	३००००

३४ **मोबाईल सुविधा** (४४६/2081-12-27):

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संसोधन समेत) मा प्रदेशमा स्थानीय तहका पदाधिकारीले पाउने सुविधा सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । पालिकाले एन एस ईन्टरप्राईजेज (६०६५४१०३५) को कर बिजक नं २८।११।२ बाट पालिका अध्यक्ष र सचिवालयको लागि जनाइ कम्प्युटर अपरेटर श्रीराम ढुंगाना समेतलाई Samsung galaxy A54 तथा Samsung galaxy A15 खरिद गरी रु.१०१६९८ भुक्तानी दिएको छ । कानुनमा उल्लेख नभएको उक्त सुविधावाट थप व्ययभार परेको देखिन्छ ।

३५ **जिन्सी व्यवस्थापन**

३५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• गाउँपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन परिक्षण गर्दा विभिन्न मालसमान मर्मत एवं लिलाम बिक्री गर्नुपर्ने औल्याईएकोमा कार्यालयले नियमावलीको पालना गरी जिन्सी समान लिलाम गरेको देखिएन ।कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ ।

• गाउँपालिकाको खर्च भएर नजाने जिन्सी खातामा कतिपय सामग्रीहरुको मूल्य नखुलेको देखिएकोले मूल्य खुलाई स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

• पाम्स V1 मा लागु हुनुभन्दा अगावैका कम्प्युटर तथा विद्युतीय सामग्री, मसलन्द तथा छपाई लगायत खर्च भएर जाने सम्पत्ति विभिन्न सामानको मौज्दात देखिएकोमा उक्त आइटमहरु पाम्स V2 मा अ. ल्या. सारेर अद्यावधिक भएको पाइएन। पालिकाले अभिलेख अद्यावधिक गराउपर्दछ ।

• गाउँपालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको पाइएन ।जिन्सी सहायक खाताको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

• पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले वडा कार्यालयमा वडागत बजेट विनियोजन गरी वडामा खरिद भएका खर्च भएर जाने तथा नजाने जिन्सी सामानको अभिलेख तथा पाम्समा दाखिला गरेको छैन ।

३५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०३ को उपनियम ४ मा जिन्सी बरबुझारथ सम्बन्धमा समयमै जिन्सी फिर्ता गर्नुपर्ने र कार्यालय प्रमुखले तोकिएको समयमा फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल गर्ने उल्लेख छ । पालिकामा निम्नानुसारका ल्यापटप एवं क्यामेरा विभिन्न मितिमा तत्कालीन जनप्रतिनिधिले बुझिलिएकोमा लेखापरीक्षण अवधिसम्म

पनि फिर्ता गरेको पाईएन । पालिकाको अभिलेखमा मूल्य नखुलाएका उल्लेखित जिन्सी सामान पालिकाले छानबिन गरी नियममा भएको व्यवस्था अनुसार जिन्सी सामान फिर्ता गर्नुपर्ने अन्यथा सरकारी बाँकी सरह असुल हुनुपर्ने देखिएको छ ।

सुनापति गाउँपालिकाबाट नि.वर्तमान तथा वर्तमान पदाधिकारीले बुझिलिएको खर्च भएर नजाने जिन्सी सामान					
क्र.स	पदाधिकारीको नाम	पद	जिन्सी सामग्रीको नाम	संख्या	कैफियत
१	धावा लामा	निवर्तमान पालिका अध्यक्ष	ल्यापटप	१	२०७४-२०७९
२	गीता बिष्ट	पालिका उपाध्यक्ष	ल्यापटप	१	पहिलो कार्यकाल (उपाध्यक्ष)
३	चन्डेश्वर चौलागाईं	नि वर्तमान वडा अध्यक्ष	ल्यापटप	१	२०७४-२०७९
४	कमल कुमार के.सी	नि वर्तमान वडा अध्यक्ष	ल्यापटप	१	२०७४-२०८०
५	बाबुराम तामाङ	नि वर्तमान वडा अध्यक्ष	ल्यापटप	१	२०७४-२०८१
		नि वर्तमान वडा अध्यक्ष	DSLR क्यामेरा	१	२०७४-२०८२
६	खड्क बहादुर घिसिङ	नि वर्तमान वडा अध्यक्ष	ल्यापटप	१	२०७४-२०८३
७	ठुलो कान्छा तामाङ	नि वर्तमान वडा अध्यक्ष	ल्यापटप	१	पहिलो कार्यकाल (वडा अध्यक्ष)
दोस्रो कार्यकाल					
१	ठुलो कान्छा तामाङ	पालिका अध्यक्ष	ल्यापटप/dell ryzen5/8/256,i5	१	२०७९ जेष्ठबाट
२	गीता बिष्ट	पालिका उपाध्यक्ष	ल्यापटप/dell ryzen5/8/256,i5	१	२०७९ जेष्ठबाट

३६ चौमासिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

३७ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण बनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकाको यस वर्षको खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

विवरण	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
चालु खर्च	३०४२७३९२६	६१२८०३३२	६०९४६२८४	८०४८७५४५	१०१५५९७६६	७५६५५८९५
पुँजीगत खर्च	१५४१९५६५५	२४६११४०	८७३९१६१	४९३६३०९८	९१६३२२५६	५६५५२९१२
जम्मा	४५८४६९५८१	६३७४१४७२	६९६८५४४५	१२९८५०६४२	१९३१९२०२२	१३२२०८८०७
कुल खर्च प्रतिशत	१००	१४	१५	२८	४३	२९
पुँजीगत खर्च प्रतिशत		२	६	३२	६०	३७

गाउँपालिकाको कुल खर्च मध्ये ३३.६३ पुँजीगत तर्फ रू. १५ करोड ४१ लाख ९६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२४ लाख ६१ हजार (२ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.८७ लाख ३९ हजार (६ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.४ करोड ९३ लाख ६३ हजार (३२ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड १६ लाख ३२ हजार (६० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ५ करोड ६५ लाख ५२ हजार (३७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

३८ **सेवा प्रवाह अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ ।सो अनुसार गाउँपालिका र ५ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखी एकीकृत अभिलेख तयार गर्नुपर्नेमा गाउँपालिकाले सो अभिलेख राखेको देखिएन। ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पञ्जीकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । गाउँपालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउनुपर्दछ।

३९ **सहकारी सञ्चालन**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका सहकारी संस्थाको अद्यावधिक अभिलेख राखेको छैन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार केहिको आंशिक विवरण पेश भएको र केही निष्कृय रहेको जनाएको छ । पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणालीबाट मासिक विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन समन्वय समेत गर्ने गरेको छैन । जसले गर्दा सहकारी सञ्चालनको अवस्थाबारे अध्ययन गर्न सकिएन । पालिकाले विभिन्न समस्या आइसकेका र समास्याउन्मुख सहकारी संस्थाहरुको वारेमा उजुरी परेका सहकारीका बचत कर्ताहरुको बचत फिर्ता गर्न नसकी संस्थाको कार्यालय नियमित संचालनमा नरहेका सहकारीका बचतकर्ताको बचत समेत जोखिममा परेको जानकारी दिएको सोको आधिकारिक विवरण उपलव्ध गराउन अनुरोध गरेकोमा विवरण उपलव्ध भएन ।

तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा गाउँपालिकाभित्र कारोवार गर्दै आएका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, वचत रकमको सुरक्षाका लागि लगानी लगायतका कारोवारको अनुगमन गरी जनताको बचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागी विवरण दाखिला गर्न लगाइ सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४० **सोझै खरिद**

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने, रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म सिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षणमा पालिकाले निम्नानुसारको खरिद कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको देखिन्छ । पालिकाले अस्पताल समेतको लागि विभिन्न मसलन्द र अस्पताल सामाग्री खरिद गर्दा प्रतिस्पर्धात्मक विधि

अपनाएको पाईएन । अस्पताल यस आर्थिक वर्ष मात्र सञ्चालनमा आएको र सुरुवाती चरणमा रहेकोले सोझै खरिद गर्नुपरेको पालिकाले जनाए तापनि खरिदमा प्रतिस्पर्धा हुनुपर्दछ ।

मिति	गो भौ नं	फर्म	रकम
मसलन्द			
०७/१३/२०८१	७२	सि.एन ईन्टरप्राईजेज	९४८४१०
१०/०२/२०८१	२१९	एरो इन्टरप्राइजेज	९७६३८०
०३/१७/२०८२	६६३	के.बि.एस. मल्टीप्रपोज कम्पनी प्रा. लि.	९६५५८०
अस्पताल सामाग्री			
०७/१३/२०८१	४	कुशल इन्टरप्राइजेज	९९७३६१
१०/०२/२०८१	१९	प्रारम्भ ट्रेडिङ्ग प्रा.लि.	९५०९६८
२०८२/०२/३०	१२३	निल ट्रेडर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.	९८००४९
२०८१/१२/२१	७३	खहरेखोला इन्टरप्राइजेज	९८२१६८

४१ **वडा सञ्चालन खर्च**

प्रत्येक वडालाई रु.११ लाखका दरमा ५ वटा वडालाई रु.५५,००,०००।०० वडा कार्यालय सञ्चालन विविध खर्च शीर्षक कायम गरी बजेट विनियोजन गरिएको र सो रकम वडाले उपशीर्षक उल्लेख नभएकोले आवश्यक्तानुसार र कुनै मापदण्ड बेगर खर्च गर्दै आएको पाईन्छ । उक्त खर्चको मापदण्ड तथा शीर्षकगत विनियोजन नभएकोले यस्ता खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

४२ **सामुदायिक वनको आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित स्थानीय निकायको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले सो अनुसार आम्दानी प्राप्त गरेको पाइएन। गाउँपालिकाले डिभिजन वन कार्यालयसंग समन्वय गरी राजस्व असुल गर्नुपर्दछ।

४३ **पेश्की बाँकी**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

४४ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा बाह्य श्रोतवाट परामर्श लिई बजेट खर्च लेखेको पाईयो । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना, डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले गत वर्षको भुक्तानी बाँकी समेत यो बर्ष भुक्तानी गरेका DPR को लागि परामर्श शुल्क बापत परामर्शदातालाई रु.१ करोड १

लाख २४ हजार भुक्तानी गरेको छ । उल्लेखित डिपिआर प्रस्तावको लागि अनुरोध (Request For Proposal) मार्फत् खरिद गरेको पाईयो । यसरी खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको, प्रतिवेदनमा अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम समेत सिफारिस गरेको छ । यस्ता प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
बाल मा.वि. छात्रबास (होस्टल) निर्माणको लागी डि.पि.आर. तथा नक्सा डिजाइन	Attic designers Itahari Sub-Metro Sunsari	२ लाख	१९७६३७	जम्मा लागत रु.१५००००००/- जस्मा सामाजिक विकास कार्यालयबाट ५० लाखको ठेक्का गर्नको लागि छात्रबास (होस्टल) निर्माणको DPR भएको तथा हाल निर्माण कार्य भइरहेको
पानी मात्रा मापन गर्नको लागी ERT/VES को डि.पि.आर. निर्माण	AJS Engineering Consultancy and Research Pvt. Ltd. Lalitpur	१५ लाख	१४८९५३९	५ वटा स्थान मध्ये २ वटा स्थानमा डिप बोरिङ्ग गर्न उपयुक्त भएको तथा खानेपानी मन्त्रालयमा सो विवरण पठाइएको ।
ढुङ्गा गिट्टि वालुवा विक्रि वितरण तथा खानी सञ्चालनको लागी प्रारम्भिक वातावरणिय परिक्षण	Invincible Surveyors and Engineering Consultancy Pvt. Ltd Kathmandu	१८ लाख	१७९२१८०	जम्मा ३०००० घ.मि को ढुङ्गा उत्खन्न गर्न उपयुक्त देखिएको तथा खानीखोला चौरिखोलाबाट ढुङ्गा गिट्टि वालुवा उत्खन्न गर्न नहुने पाइएको ।
सुनापति-२ आलमपुर भिमसेन मन्दिरको डि.पि.आर. निर्माण	Chaptor One Engineering Consultancy Pvt. Ltd Kathmandu	२० लाख	१९८९९३०	१६९५५१२७९
कृषि उत्पादन तथा पशुपालन सम्बन्धी सम्भाव्यता अध्ययन	Himalayan Construction Engineering Pvt. Ltd. M.M-4 Lalitpur	५लाख	४९८८९५	१००००००००
विपद् तथा जोखिम नियन्त्रण र न्यूनिकरण योजना	Sarthak Engineering Consultancy Pvt. Ltd. Baneshwor Kathmandu	५ लाख	४८५९००	१३२००००००
Carpet Weaving training to Sunapati RM People (Youth and Women) Partnership with Vocational Skill training Providers	Skill Nepal Pvt. Ltd. Sadabato Lalitpur	२० लाख	१९९८४०५	१०० जनाले सिप सिकेको
मध्यकालीन खर्च संरचना	Design Associates Nepal Pvt. Ltd. Banasthali Kathmandu	५ लाख	३९८८९०	७४ करोड ३७ लाखको अनुमानित लागतको खर्च हुने
Feasibility Study of Improving Education in Sunapati rural Municipality of Ramechhap district	Himal Multipurpose Research and Development Pvt. Ltd Thapagaun Kathmandu MNP-10	५ लाख	४९८८९५	१००००००००
सहकारी संस्थाको व्यवस्थापन योजना	S and S Development Consultancy Pvt. Ltd. Babarmahal Kathmandu	५ लाख	४८९२९०	सहकारी संस्था एकिकरण कार्याविधि २०८२
राजश्व सुधार कार्ययोजना	Sahakarya Consult Pvt. Ltd. Anamnagar. Kathmandu	३ लाख	२८४७६०	६८ करोड ६ लाखको अनुमानित लागतको आय संकलन हुने
			१०१२४३२१	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । पालिकाले आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने निश्चित आयोजना छनौट गर्ने, आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेरमात्र प्रतिस्पर्धात्मक विधिबाट परामर्श सेवा लिनु पर्दछ ।

४५ एकल पुरुष र वृद्ध कन्या भत्ता

सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २० सामाजिक सुरक्षा भत्ताको बजेट व्यवस्थापनको सम्बन्धमा सोही ऐनको उपदफा १ र २ मा क्रमश यस ऐन बमोजिम सामाजिक सुरक्षा भत्ताको दायित्व नेपाल सरकारको हुने र नेपाल सरकारबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता दोहोरो पर्ने गरी प्रदेश र स्थानीय तहबाट सोही शीर्षकमा थप सामाजिक सुरक्षा भत्ता वितरण गरिने छैन भनी उल्लेख गरेको छ । सामाजिक सुरक्षा सम्बन्धी ऐन २०७५ लगायत अन्य मौजुदा कानुनी व्यवस्था विपरीत व्यवस्था प्रतिकुल हुने गरी स्थानीय निकायहरुले अन्य सामाजिक सुरक्षा भत्ता वितरण गर्दा राज्यकोषमा अतिरिक्त व्यवहार थपिएको अवस्थालाई मध्यनजर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाडौँबाट चलानी नम्बर ५८७९/०८१/८२ मिति २०८१/४/२५ को पत्र अनुसार सामाजिक सुरक्षा सम्बन्धी ऐन २०७५ र सामाजिक सुरक्षा वितरण कार्यविधि २०७७ मा भएको व्यवस्था विपरीत हुने गरी स्थानीय तहहरूद्वारा अन्य सामाजिक सुरक्षा भत्ता वितरण भएकोमा उक्त कार्य नगर्न नगराउन व्यवस्था मिलाउने भनी पत्राचार भएको देखिन्छ । सोही अनुरूप संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सुशासन प्रवर्द्धन शाखाको चलानी नम्बर ४०/२०८१/८२ मिति २०८१ श्रावण ३० गतेको परिपत्र अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उल्लेखित निर्णय अनुसार कार्यान्वयनका पत्राचार गरेको देखिन्छ । यस गाउँपालिकाले ५० वर्ष नाघेका जनतालाई एकल पुरुष र वृद्ध कन्या भत्ता वितरणको लागी बजेट अधिवेशनबाट २० लाख विनियोजन गरी १२० जना पहिलो अर्धवार्षिक र १११ जना दोश्रो अर्धवार्षिक गरी १३ लाख ३४ हजार भत्ता वितरणमा खर्च लेखेको छ । पालिकाले सक्रिय उमेरका जनतालाई भत्ता वितरण गरेको तर उक्त योजनालाई उत्पादनमुखी बनाउन समेत नसकेको देखिन्छ । तसर्थ संघीय कानुन तथा नियमनकारी निकायहरुको निर्देशन विपरीत भुक्तानी भएको भत्ता रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१३,३४,०००

४६ सवारी साधन खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तीय समानीकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष राजस्व वाँडफाँड श्रोतवाट पदाधिकारीको लागी दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन खरिदमा रु.५८,४४,६८६ खर्च गरेको छ । पालिकामा ३ वटा चारपाङ्ग्रे सवारी साधन रहेका छन् । पालिकाको आन्तरिक आय रु.६२,७७,३३३.१६ रहेकोमा सवारी साधन खरिदमा मात्र रु.५८,४४,६८६ अर्थात् आन्तरिक आयको ९३ प्रतिशत खर्च लेखेको छ ।

सवारी साधन	खरिद संख्या	मुल्य	खरिद मिति	प्रयोग गर्ने पदाधिकारी
मोटरसाईकल	२	७०४६८६	२०८१/०८/०३	वडा न ४ र ५ वडाध्यक्ष
कार/जिप	१	५१४००००	२०८१/११/०४	गाउँपालिका अध्यक्ष

४७ स्वास्थ्य बीमा कार्यक्रम

स्वास्थ्य बीमा नियमावली २०७५ को नियम १६ बमोजिम अतिगरीब परिचय पत्र प्राप्त परिवार अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा ७० वर्ष नाघेका जेष्ठ नागरिकको सत प्रतिशत बीमा प्रिमियम सरकारले व्यहोर्ने र स्वास्थ्य स्वयम सेविकको परिवारको बीमा प्रिमियमको रकमको ५० प्रतिशतसम्म सरकारले व्यहोर्ने व्यवस्था गरेको छ । त्यसै गरी वागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले समेत बाग्मती प्रदेश भित्र स्थायी बसोबास गर्ने लोपोन्मुख, अति सिमान्तकृत जाति, आश्रममा आश्रित क र ख वर्गका अपाङ्ग र सामुदायिक स्वास्थ्य

स्वयंसेविकाको गाउँपालिकाले पालिकामा स्थायी बसोवास भएका सर्वसाधारणले तिर्नुपर्ने बीमा शुल्क रकम पालिकाले दलित स्वास्थ्य बीमा कार्यक्रम ७ लाख र दलित उत्थान कार्यक्रमको रु.९३१००.०० समेत रु.७९३१०० विनियोजन गरी शत प्रतिशत खर्च लेखेको छ । संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ खर्च लेखेको उपयुक्त देखिदैंन। संघ र प्रदेशले समेत बीमाको कार्यक्रम गरेकोमा स्थानीय तहबाट समेत थप हुँदा दोहोरो पर्ने देखिन्छ। पालिकाले यस्ता किसिमका वितरणमुखी कार्यक्रममा नियन्त्रण गर्नपर्दछ।

४८ **बिज्ञापन वोर्ड कोष**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४९ **प्रमाण पेशः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१५६,५९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

५० **न्यानो झोलाः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा यस वर्ष ४३ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको स्वास्थ्य शाखाको गत वर्षको बाँकी मौज्दात १०५ थान र भौचर नं. १८५/०८१/१२/८ बाट यस वर्ष १०० थान रू. ८९,२७०।- मा खरिद गरेकोमा १७५ थान न्यानो झोला पालिका र अन्तर्गतका स्वास्थ्य चौकिमा मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

५१ **औषधि खरिदः**

पालिकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले भौचर नं.१३६/०८१/१०/२ औषधि र उपकरण खरिद गरी राजश्री मेडिहेल्थ प्रा.लि.लाई रु.११४४८६०।- भुक्तानी दिएको छ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

५२ **उपचार खर्चः**

५२.१ **बढी भुक्तानी** -

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२.२ उपरोक्त निर्देशिकाको बुँदा नं.४ मा पेन्सन सुविधा पाइरहेका, अन्य कुनै सामाजिक सुरक्षा भत्ता सुविधा पाइरहेका व्यक्तिले यो सुविधा नपाउने तथा बुँदा नं.७ मा लाभग्राहीको अभिलेख यस निर्देशिकाको अनुसूची ४ बमोजिम राखी अद्यावधिक गरी राख्नु पर्ने र बुँदा नं.१० मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय,सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ।अनुसूची ४ बमोजिम लाभग्राहीको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालय र वेभसाइट सार्वजनिक नगरेकोले नक्कली लाभग्राही रहे नरहेको यकीन गर्न सकिएन।निर्देशिका बमोजिमका विवरण अद्यावधिक गरी उपचार खर्च वितरण प्रक्रियामा पारदर्शिता कायम गर्नुपर्दछ।

५३ **औषधि PAMS V2 दाखिलाः**

स्वास्थ्य सेवा विभागको पत्र संख्या २०८१।८१, च.नं. २०७३ मिति २०८२।३।३०को पत्रानुसार eLMIS लाई PAMS माइग्रेशन गर्नका लागि २०८२।८३ देखि औषधि तथा औषधिजन्य सामग्रहरुको जिन्सी व्यवस्थापन PAMS V2 मा eLMIS को फिचर थप गरी eLMIS संचालन भएका सम्पूर्ण संस्थाहरुमा PAMS V2 लागु गर्ने भएकोले आ.व. २०८१।८२ को eLMIS को अन्तिम मौज्दात लाई PAMS V2 मा अ.ल्या. गर्न अषाढ मसान्त सम्म भएको सम्पूर्ण तथ्यांकहरुलाई अद्यावधिक गरी २०८२ श्रावण १५ गते भित्र जिन्सी खातामा प्रिन्ट गरी राख्ने व्यवस्था गरेको छ। पालिकाले २०८१।८२ अषाढ मसान्त सम्मका औषधिको अन्तिम मौज्दात अद्यावधिक गरी जिन्सी खातामा राखेको नदेखिएको औषधि मौज्दात यकिन गर्न सकिएन। पालिकाले उपरोक्त निर्देशनानुसार औषधि तथा औषधिजन्य सामग्रीको मौज्दात यकीन गरी ह.फा गरेका समानहरु समेत यकीन गरी जिन्सी खाता अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **राजस्व अभिलेखः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरुप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ। पालिकाले यसवर्ष आन्तरिक आय तर्फ रू.५५८१९४५.२४ असुल गरेको छ । गाउँपालिकाले अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरु अद्यावधिक गरी राजस्वको हिसाब राख्नुपर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले. प. फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तिको बैंक नगदी किताब म.ले.प. फा. नं. १०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प. फा. नं ११० लगायतका राजस्वको श्रेस्ताहरु अभिलेख राखेको पाइएन ।यसले गर्दा असुली भएको राजस्व सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाइ नियमानुसार राख्नुपर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५५ **ब्याक हो लोडर आम्दानीः**

५५.१ गाउँपालिकामा १ वटा पालिकाबाट खरिद भएको ब्याकोलोडर रहेको पाइयो । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष व्याकहो लोडर अन्य व्यक्ति तथा उपभोक्ता समितिलाई प्रयोग गर्न दिए वापत रू. ३४२३२०।- आय भएको देखिन्छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

५५.२ सुनापती गाउँपालिकाको व्याक हो लोडर (जे.सि.वि.) संचालन सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन) को बूदाँ नं १ मा यस गाउँपालिकाको व्याक हो लोडर जे.सि.वि. प्रयोग गर्नुपरेमा वडा कार्यालयको प्रयोजनको लागि वडा कायर्यालयको सिफारिस पत्र र

व्यक्तिगत प्रयोगको लागि प्रयोगकर्ताको परिचय खुल्ने नागरिकता प्रमाणपत्र, परिचय पत्र, मतदाता परिचयपत्र मध्ये कुनै एकको प्रमाणित प्रतिलिपि साथ जे.सि.वि सञ्चालन तथा अनुगमन समितिको सिफारिस साथ यस कार्यालयमा दर्ता गर्नुपर्ने, व्यक्ति संस्थाले गाउँपालिकाको व्याक हो लोडर (जे.सि.वि.) प्रयोग गर्न चाहेमा स्वीकृतिको लागि कार्यालयमा सिफारिस गर्ने व्यवस्था छ ।पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसारको प्रक्रिया पालना गरेको छैन। कार्यविधिमा आवश्यक भनिएका कुनै पनि विवरण अद्यावधिक गरेको पाइएन। जसले गर्दा व्याकहो लोडर के कामको लागि कति घण्टा प्रयोग भएको हो, प्रयोगबाट आउनु पर्ने राजस्व प्राप्त भए नभएको यकिन हुन सकेन। पालिकाले अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५५.३ शुल्क असुली -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२८** को निर्णयले रू **२८,९३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५५.४ पालिकाले एक्साभेटरबाट पालिकाको बाटो सफा गर्ने, पहिरो पन्छयाउने लगायतका कार्य गर्ने गरेको उल्लेख गरेकोमा कुन कुन ठाँउमा के कति काम गरेको विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र इन्धन प्रयोग गरेको लगबुक पनि नराखेको कारण उक्त कार्य भए नभएको यकिन हुन सकेन । पालिकाले उक्त मेशिन मर्मतको लागि रू.९८६१२५।– खर्च गरेको देखिएको तर ईन्धनमा भएको खर्चको अभिलेख राखेको छैन । पालिकाले यस्ता कार्य गर्दा इन्धन प्रयोगको लगबुक स्पष्ट राख्ने र पालिकाको कामको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

५६ एम्बुलेन्स आम्दानीः

गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष पालिकाको एम्बुलेन्स वापत रसिद नं ३०१ देखि ३२३ सम्म प्रयोग गरी रू.१३६५००.०० असुल भएको छ । एम्बुलेन्सको लागि प्रयोग भएका रसिद पालिकाको जिन्सी खातामा आम्दानी नभएको र रसिद नियन्त्रण खातामा अभिलेख राखेको नपाइएकोले एम्बुलेन्सको लागि के कति रसिद प्रयोग भए र आम्दानी कति हो भन्ने सम्बन्धमा यकिन हुन सकिएन । एम्बुलेन्सबाट आम्दानी व्यवस्थित गर्नको लागि नगदि रसिद नियन्त्रण खातामा अभिलेख गराउने, लकबुक राख्ने, एम्बुलेन्सबाट प्राप्त सबै रकम समयमा स्थानीय संचितकोष दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ ।

५७ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा संरक्षण कार्यक्रमको लागि यो वर्ष रू. ११६८४१११०.०० खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ;

५७.१ **निष्कृय खाताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र स्थानीय निकायले पनि समयमा नै विवरण प्राप्त गरी धेरै लामो समयसम्म निष्क्रिय रहेको खाताको रकम यकिन गरी फिर्ता हुने व्यवस्था मिलाउनु पर्दछ।

५७.२ पारदर्शिता : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण आफ्नो वेभसाइटमा राखेको देखिएन ।

५७.३ निरीक्षण तथा अनुगमनः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

५७.४ **मृत्यु भएका सेवाग्राहीलाई भत्ताः**

उक्त बेरुजु सम्बन्धमा पालिकाबाट असुल गरी प्रतिक्रियामा पेश भएकोमा सम्परीक्षण गरी पछि लगत कट्टाको जानकारी गराइने छ ।

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५८ **मापदण्ड भन्दा बढी भुक्तानी :-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **३,८२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,५३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५९ **अनुगमन भ्रमण खर्च :-**

भ्रमण खर्च नियमावली २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधिको उप नियम १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरूवा बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ ।गाउँपालिकाको चालु खर्च तर्फ अनुगमन तथा भ्रमण खर्चमा रू.३८,७१,८२०.०० भुक्तानी गरेको देखिन्छ सो बाहेक कार्यक्रमबाट समेत भ्रमण भत्ता भुक्तानी भएको छ । भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सवारी साधन चल्ने तथा एकै दिनमा फर्किन सकिने स्थानमा भ्रमण गर्दा कर्मचारीलाई २५ प्रतिशत खाजा भत्ताको व्यवस्था छ । पालिकाको भ्रमण खर्च सम्बन्धी छुट्टै कानुनी व्यवस्था नभएको अवस्थामा भ्रमण खर्चका सम्बन्धमा द्विविधा देखिन्छ । आवश्यकताका आधारमा निर्णय गरी २० किलोमिटर सम्म दैनिक भत्ता नदिने, सो भन्दा बढी सोही दिन फर्किन सकिनेमा २५ प्रतिशत

खाजा भत्ता मात्र दिने तथा सवारी साधन नचल्ने सोही दिन फर्किन सम्भव नहुने स्थानमा यात्रा गर्दा मात्र दैनिक तथा भ्रमण भत्ता दिने गरी दुरी र भौगोलिक विकटताको आधारमा स्थानको वर्गीकरण गर्नु उपयुक्त हुने देखिन्छ । गाउँपालिकाले कुन कुन वडामा जाँदा कति कोष हुन्छ भनि प्रमाणित नगरी वडामा जाँदा आउँदा भ्रमण भत्ता भुक्तानी गरेकोमा भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । साथै प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएकोमा अधिकांश भ्रमणको उद्देश्य स्पष्ट नभएकोले भ्रमण प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको र गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाउँपालिका गएको जनाई सो वापत भ्रमण खर्च लेखेको छ ।पालिकाभित्र पटके अनुगमन लगायतमा भ्रमण खर्च जनाएकोमा प्रयोजन नखुलाएको र नजिकको दुरीमा समेत ७ दिनको भ्रमण खर्च लेखेको देखिएकोमा भ्रमण खर्चका सम्वन्धमा यथार्थता यकिन गर्न सकिएन । भ्रमण खर्च र अभिलेख यथार्थ वनाउन भ्रमण आदेश स्विकृत गरी सोको अभिलेख जनाएपश्चात मात्र भ्रमण गर्ने, भ्रमणको उदेश्य र प्रयोजन स्पष्ट खुलाउने र विल भरपाई तथा प्रतिवेदन वुझाएपश्चात् मात्र खर्च लेख्नुपर्दछ ।

६० **सवारी साधन मर्मत :-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गरी नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने, मर्मत गराउदा कुनै मालसामान, पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नुपर्ने र यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५००० भन्दा बढी मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाको लागि सवारी साधन मर्मत संभार शिर्षकमा यस वर्ष रु.४७०००००।०० विनियोजन भएकोमा रु.४२५४१७३.०० खर्च गरेको र सो बाहेक कन्टिन्जेन्सी लगायतबाट समेत मर्मत गरेको देखिन्छ। गाउँपालिकामा १ जे सि वि, १ एम्बुलेन्स, ३ वटा चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधन रहेकोमा पालिकाले अद्यावधिक विवरण पेश भएको छैन । साधनहरुको मर्मत गर्दा दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत नगराएको, प्रतिस्पर्धा गराई वार्षिक सम्झौता गरी मर्मत गर्न सकिनेमा पनि पटक पटक कोटेशन बाट मर्मत गराएको, प्रतिस्थापन गरेका महत्वपूर्ण सामानको जिन्सी दाखिला नगराएको पाईयो । खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा खरिदमा मितव्ययीता, दक्षता ,पारदर्शिता भएको छ भनी विश्वस्त हुन नसकिएकोले खरिद कानुनको पालना गरी मर्मत कार्य गराउनु पर्दछ ।मर्मत खर्च भुक्तानी भएका केही उदाहरण निम्नानुसार छन् ।

गो भौ नं	प्रयोजन	खर्च रकम	विवरण तथा भुक्तानी
२५६।२०८१।१०।२४	गाडी मर्मत	३२६७९१	सिज भेकलड ट्रेड एण्ड स्पेयर्स पार्टस
६७९।२०८२।३।१९	मर्मत अन्य	१२८३७२	यूनिक आईडियल अटोमोवाईल्स प्रा.लि.
४१६ ।२०८१।१२।२५	जे सि वि	३८७१३८	चन्चला देवी ट्रडर्स प्रा.लि
६६४।२०८२।३।१७	अन्य	६२९३१६	मक्कु इन्टरनेशनल प्रा.लि

यसरी वडा कार्यालयवाहेक कार्यपालिकामा मात्र सवारी साधन मर्मतमा जम्मा रु.४२५४१७३ (आन्तरिक आय रु.६२७७३३३.१६ को ६८ प्रतिशत) खर्च भएको देखिन्छ । यस प्रकारको खर्च पटक पटक गरी हाते कोटेशनबाट खरिद गरिएको र मर्मतमा मात्र ठुलो रकम खर्च भएकोले आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी भएको देखिँदैन । सीमाभन्दा बढी हुने गरी भुक्तानी भएको मर्मत खर्च सिलबन्दी कोटेशनबाट खरिद प्रकृया अवलम्बन गरेर खर्चमा मितव्ययीता हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६१ **लागत अनुमान बेगर पेश्की :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा कुनै व्यक्ति वा संस्थाले सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको यकिन विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्ने र प्राप्त निवेदनसाथ संलग्न विवरणको आधारमा कार्यालय प्रमुखले सम्बन्धित कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की

दिनु पर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका व्यक्तीले कुन कुन कामको लागि के कति रकम चाहिने हो विवरण नखुलाई पेश्की माग गरेको र कार्यालयले पनि कति रकम चाहिने यकिन नगरी पेश्की दिएको पाईयो । गाउँपालिकाले नियमावलीमा भएको व्यवस्था अनुसारका विवरण नखुलाई पेश्की दिने प्रवृत्तीमा नियन्त्रण हुनु पर्दछ ।

भौ नं	मिति	पेश्की लिने	संलग्न विल भरपाई	पेश्की रकम
४७	२०८१।६।२०	श्रीराम ढुङ्गाना	सवारी साधन मर्मतका विल	२३००००
५३	२०८१।६।२०	सागर तामाङ	सवारी साधन मर्मत ईन्धन का विल	५००००
८४	२०८१।८।४	देव शंकर यादव	सभा सञ्चालन लगायत विविध	१०००००

६२ **कार्यालयमा हाजिर कर्मचारीलाई भ्रमण भत्ता :-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **अन्य निकाय खर्च :-** (५००-2082-02-08):

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययितf, प्रभावकारीताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।कुनै पनि निकायको काम कर्तव्य र जिम्मेवारी र व्यवसाय अनुसारको कार्य सम्पादन गर्न सम्बन्धित निकायमा बजेट तथा कार्यक्रम व्यवस्था हुन्छ । पालिकाले कोटेशन मार्फत् जिल्ला प्रहरी कार्यालयको मसलन्द भुक्तानी जनाई स्मार्ट वोर्ड लगायतको खरिदको लागि नुम्बुर आइटी सोलुसन प्रा.लि. र नुम्वु ट्रेडर्सलाई रु.२३७७३४ भुक्तानी गरेको छ । यसरी अर्को कार्यालयको प्रशासनिक मसलन्द तथा कार्यालय सञ्चालनमा नै पालिकाले बजेटमा नै व्यवस्था नगरी भुक्तानी गरेको खर्च रकम मितव्ययि र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्वन्धित निकायवाट पनि यस्तो वजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने भएकाले नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	२,३७,७३४

६४ **नृत्य प्रशिक्षण कार्यक्रम :-** (776-2082-03-24):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **११८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६३,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६५ **बाटो सफाईमा ईन्धन खर्च :-** (५८६-2082-03-03):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **५७१,१०४.५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१११,८६५.२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६६ **खर्चका मापदण्ड-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ मा आफ्नो अधिकारक्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तरगत रहेर नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ ।पालिकाले सञ्चालन गर्ने परीक्षा, खेलकुद कार्यक्रम लागायतका कार्यक्रमहरु संचालन गरेकोमा मापदण्ड तयार नगरेको कारण जसले गर्दा खर्च मितव्ययी एवं पारदर्शि हुन भएको देखिदैन। पालिकाले यस्ता किसिमका कार्यक्रम सञ्चालन मापदण्डतयार गरी कार्यक्रम मितव्ययी र व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ।केहि उदाहरण निम्म छन् ।

(क) परीक्षा सञ्चालन खर्च :- कार्यपालिकाको पटके निर्णयका आधारमा परीक्षा तयारी बैठक खर्च, मोडेरेशन खर्च, प्रश्न पत्र छपाई खर्च , केन्द्राध्यक्ष भत्ता ,सहायक केन्द्राध्यक्ष भत्ता, उत्तर पुस्तिका कोडिङ, डीकोडीङ खर्च, नतिजा प्रकाशन लगायतका कार्यमा यस वर्ष रु. ८७५९९३.०० खर्च गरेको पाईयो ।यसको लागि स्पष्ट मापदण्ड नभएको कारण विभिन्न शीर्षकमा भएको खर्च एवं भत्तामा एकरुपता हुन सकेको छैन।पालिकाले परिक्षा सञ्चालन कार्यविधि तथा मापदण्ड तयार गरी खर्च गर्नु पर्दछ ।

(ख) खेलकुद कार्यक्रम संचालन खर्चको मापदण्ड:- लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा पालिकाले विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरी निम्नानुसार रु २७ लाख खर्च गरेको देखिन्छ। यस्तो प्रकृतिका कार्यक्रममा प्रकृया तथा खर्चका मापदण्ड र प्रशिक्षकद्वारा प्रशिक्षण लगायतका कार्यका लागि छनोट तथा बन्द प्रशिक्षणमा संलग्न मेडिकल स्वयंसेवक टिम , राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राविधिक प्रशिक्षक, निर्णायक ,रेफ्री ,स्कोरर तथा खेलाडीलाई उपलब्ध गराइने सेवा सुविधाको निर्धारण गरी व्यवस्थित रुपमा खेल सञ्चालन गर्न मापदण्ड तथा कार्यविधि तयार गरेको देखिएन ।कार्यविधि तथा खर्चका मापदण्डहरु तयार नगरी यस्ता किसिमका खर्च लेख्दा खर्चमा मितव्यिता र एकरुपता कायम नभएको देखिन्छ। पालिकाले यस्ता किसिमका खर्च गर्दा खर्चमा मितव्यिता कायम गर्नुपर्दछ।

व उ शि न	भौ नं	मिति	कार्यक्रम	खर्च रकम	मुख्य मुख्य खर्च
गा पा चालु	१७४	२०८१।९।५	छैठौ राष्ट्रपति रनिङ शिल्ड	१५००००००	खाना खाजा , पुरस्कार ,स्वयंसेवक भत्ता,जर्सी ,ट्र्याकसुट ,गाडीभाडा आदी
	१८४	२०८१।९।२४	खेलकुद सहभागिता ९ विद्यालय	४००००००	खाना खाजा , जर्सी ,ट्र्याकसुट आदी
	३२९	२०८१।११। १५	जिल्ला स्तरिय रनिङ शिल्ड	५००००००	खाना खाजा , जर्सी ,ट्र्याकसुट आदी
	७४१	२०८२।३।२३	वडा स्तरिय भलिवल प्रतियोगिता	३००००००	खाना खाजा , जर्सी ,ट्र्याकसुट पुरस्कार आदी

६७ **अध्यक्षको भ्रमण खर्च**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ७ को उपदफा ३ मा गाउँपालिका अध्यक्षले ३ दिन भन्दा बढीको भ्रमण आदेश कार्यपालिकाबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने व्यवस्था छ ।गाउँपालिका अध्यक्ष ठूलो कान्छा तामाङले ३ दिन भन्दा बढीको आफ्नो भ्रमण आदेश आफै स्वीकृत गरेकोमा कानुनमा व्यवस्था भए अनुसार कार्यपालिका बाट अनुमोदन गराएको देखिएन ।कानुनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ।गाउँपालिका अध्यक्ष स्वयंले आफ्नो भ्रमण आदेश स्वीकृत गरेका केही उदाहरण निम्नानुसार छन् ।कार्यपालिकाबाट अनुमोदन वा स्वीकृत नगराई भुक्तानी भएको भ्रमण खर्च नियमसम्मत नदेखिएको रू.

भौ नं	मिति	भ्रमण स्थान	भ्रमण मिति		भ्रमण खर्च रु
			देखि	सम्म	
५१	२०८१।६।२१	काठमाण्डौ	२०८१।६।१३	२०८१।६।१९	६००००
	२०८१।६।२१	काठमाण्डौ	२०८१।६।१	२०८१।६।६	
	२०८१।६।२१	काठमाण्डौ	२०८१।४।९	२०८१।४।१६	
	२०८१।६।२१	मन्थली	२०८१।५।२३	२०८१।५।२९	
	२०८१।६।२१	हेटौडा	२०८१।५।१२	२०८१।५।१८	
	२०८१।६।२१	हेटौडा	२०८१।४।२३	२०८१।५।२९	
१४९	२०८१।९।२	हेटौडा	२०८१।८।१८	२०८१।८।२४	
	२०८१।९।२	काठमाण्डौ	२०८१।७।२२	२०८१।७।२८	
	२०८१।९।२	हेटौडा	२०८१।७।३	२०८१।७।९	
७२८	२०८२।३।२३	हेटौडा	२०८२।३।११	२०८२।३।१६	३५२००
	२०८२।३।२३	हेटौडा	२०८२।२।१८	२०८२।२।२४	
	२०८२।३।२३	हेटौडा	२०८२।२।७	२०८२।२।१२	
	२०८२।३।२३	हेटौडा	२०८२।३।११	२०८२।३।१६	
	२०८२।३।२३	हेटौडा	२०८२।१।२०	२०८२।१।२५	
जम्मा					९५२००.००

अनियमित भएको	९५,२००

६८ **दोहोरो भत्ताः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६९ **दैनिक भ्रमण भत्ताः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरी उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरी आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम्

सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरी उनिहरूलाई रोजगारको अवसर प्रदान गरी उनीहरूको आर्थिक विकासमा सहयोग पुर्‍याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन । तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नुपर्दछ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण खानेपानी मर्मत नाली सरसफाई मोटर बाटो मन्दिर निर्माण कार्य लगायतका निम्नानुसारका कार्यक्रम सञ्चालन गरी ७ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ६५ जना लाई रोजगारी उपलव्ध गराई रू.३३,६०,६३६ खर्च गरेको छ । सो वाहेक कर्मचारी तलवमा रु.१४,५१,६१० खर्च भएको छ । लक्षित वर्ग लाई औषत ७८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

वडा नं	कार्यक्रम/योजना संचालन	रोजगार संख्या	कुल खर्च रकम	तलबमा खर्च भएको रकम
१	वांगेवेशी वेलको वोट सडक सोलिङ योजना	४ जना	१०४४००	रोजगार संयोजकः ५६७९५७
३	लामाटोल पोखरी निर्माण योजना	१८ जना	११५२५७६	रोजगार सहायकः ४५१४९०
३ र ५ सिमाना	सुनापति डाँडामा खाडल खन्ने कार्य	४ जना	६०५५२	प्राविधिक सहायकः ४५१४९०
३ र ५ सिमाना	सुनापति डाँडामा महादेव मुर्ति निर्माण	११ जना	७१६८८०	
३ र ५ सिमाना	लहरेमानेको पुरानो स्तुपा स्तरोन्नती	८ जना	४६५९७२	
४	महिला भवन वडा न ४ को पहिरो नियन्त्रण तथा पर्खाल निर्माण	७ जना	१५३१२०	
५	सुनापति मर्याङडाडामा बुद्धमुर्ति निर्माण	९ जना	५८८१२०	
५	भिरकोट चौतारा पिपलबोट डाँडा गैराटोल बाटो मर्मत	६ जना	६३३३६	
५	हुन्दल पहिरो नियन्त्रण योजना	४ जना	५५६८०	
	जम्मा		३३६०६३६	१४७०९३७

७१ आन्तरीक लेखापरीक्षण

७१.१ (३१२-2081-11-23):

भरपाई पेश नभएको -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२८,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७१.२ (३८७-2081-12-20):

कर असुली -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७२ समुदायमा आधारित पुनःस्थापना (सी.बि.आर) कार्यक्रमः

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१२,८७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७३ लागत अनुमानः

सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग बाणिज्य सँघले जारी गरेको दररेटलाई आधार मान्न सकिने व्यवस्था छ।पालिकाले १०० थान गलैंचा बुन्ने तान सेट खरिदको लागि रू.२६५००००।- लागत अनुमान तयार गरेकोमा उपरोक्त कुनै आधार लिएको देखिएन। ऐन नियमको आधारमा लागत अनुमान तयार गर्नुपर्दछ।

७४ प्रकोप व्यवस्थापन कोष तर्फ

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९५४,५९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७५ गलैंचा बुनाई सीप विकास तालिमः

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७६ कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

७७ सेनिटरी प्याड खरिद तथा वितरणः

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्दछ।साथै गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्दछ।पालिकाले भौचर नं २५५/०८२/३/१ बाट १०४००।- प्याकेट सेनिटरी प्याड मू.अ.कर समेत रू.७८००००।- को खरिद गरी विद्यालयलाईलाई भरपाई गराइ उपलब्ध गराएकोमा तपशिल बमोजिमका व्यहोरा देखिएका छन्

७७.१ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को ४(४) अनुसार स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता र विद्यालयहरुमा भण्डार क्षमताको आधारमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्दछ।

पालिकाले खरिद गरेको १०४०० प्याकेट सेनिटरी प्याड कार्यविधिमा उल्लेखित आधार बेगर एकै पटकमा विभिन्न १३ विद्यालयलाई वितरण गरेको देखियो। लामो समयसम्म मौज्दात रहेमा वा राम्रो सँग भण्डारण नभएमा प्याडको गुणस्तरमा ह्रास भई गम्भीर स्वास्थ्य समस्या हुने भएकोले कार्यविधिले तोकेको मापदण्डमा मात्र सेनिटरी प्याड वितरण गर्नुपर्दछ साथै विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात यकीन गरी अभिलेख राख्नुपर्दछ।

७७.२ शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्दछ।साथै गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्दछ।पालिकाले भौचर नं २५५/०८२/३/१ बाट १०४००।- प्याकेट सेनिटरी प्याड मू.अ.कर समेत रू.७८००००।- को खरिद गरी विद्यालयलाईलाई भरपाई गराइ उपलब्ध गराएकोमा तपशिल बमोजिमका व्यहोरा देखिएका छन्

लागत अनुमानः पालिकाले शैक्षिक सत्र २०८२ मा १३ विद्यालयका १२ सम्मका ६१० छात्राहरुको लागि १०४०० प्याकेट खरिद गरेकोमा सेनिटरी प्याडको लागत अनुमान तयार गर्दा विद्यालयको माग विश्लेषण तथा गत वर्षको मौज्दातलाई समेत आधार लिएको देखिएन।लागत अनुमान तयार गर्दा छात्रा संख्याको साथै विद्यालयको माग फारम तथा विद्यालयमा रहेको मौज्दातलाई विश्लेषण गर्नुपर्दछ।

वितरणः सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को ४(४) अनुसार स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता र विद्यालयहरुमा भण्डार क्षमताको आधारमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्दछ। पालिकाले खरिद गरेको १०४०० प्याकेट सेनिटरी प्याड कार्यविधिमा उल्लेखित आधार बेगर एकै पटकमा विभिन्न १३ विद्यालयलाई वितरण गरेको देखियो। लामो समयसम्म मौज्दात रहेमा वा राम्रो सँग भण्डारण नभएमा प्याडको गुणस्तरमा ह्रास भई गम्भीर स्वास्थ्य समस्या हुने भएकोले कार्यविधिले तोकेको मापदण्डमा मात्र सेनिटरी प्याड वितरण गर्नुपर्दछ साथै विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात यकीन गरी अभिलेख राख्नुपर्दछ।

७८ **स्थानीय विषय पाठ्य सामग्री व्यवस्थापनः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को २.३.३ को क्रियाकलाप नं २.४.६.२ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पाठ्यपुस्तक स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रित प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने व्यवस्था छ।यस प्रयोजनका लागि तोकिएको कक्षाका लागि विषयगत मूल्य सूचीमा उल्लेखित १०० पूर्णाङ्कका विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा बढी खर्च सङ्घीय अनुदानबाट नगर्ने व्यवस्था छ। पालिकाले स्थानीय तहबाट स्वीकृत भएको पाठ्यक्रम लागु भएको विद्यालय संख्या र विद्यार्थी संख्या तथा सो सम्बन्धमा सशर्त बजेटबाट भएको निकासाको छुट्टै विवरण बनाएको देखिएन साथै उपरोक्त उल्लेख भएनुसार मूल्य नतोकिएको देखियो।अतः कार्यविधिमा उल्लेख भएनुसार स्थानीय पाठ्यक्रमको न्यूनतम मूल्य तोकी संघीय अनुदानबाट बढी खर्च भए नभएको यकीन गर्नुपर्दछ।

७९ **दिवा खाजाः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **८,५६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **९,२२८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२२,७४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८० **सार्वजनिक खरिद तालिम सञ्चालन** (६८९-2082-03-21):

आर्थिक कार्यविधि नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राखी भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले खाँडादेवी गाउँपालिका र सुनापति गाउँपालिकाको संयुक्त साझेदारीमा सार्वजनिक खरिद सम्बन्धी तालिम आयोजना गर्न ५० प्रतिशत लागत व्यहोर्ने गरी २०८१।४।२२ मा सम्झौता गरेको छ । उक्त कार्यक्रम सञ्चालनका लागि करारमा कार्यरत सहायक कम्प्युटर अपरेटर श्रीराम ढुंगानालाई रु.३५०००० भुक्तानी भएको सम्वन्धमा सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन्,

- लागत अनुमान तथा प्रपोजल स्वीकृत भएको छैन ।
- खर्चका बिल भरपाईहरु प्रमाणित नभएको
- भत्ता तथा रकम वुझ्नेको भरपाई पेश नभएको
- सहभागी संख्या भन्दा बढी संख्या कायम गरी बिलमा खर्च देखाएको
- खाँडादेवी गाउँपालिकावाट ५० प्रतिशत भुक्तानी हुने भनिएकोमा भुक्तानी लेखापरीक्षण अवधिसम्म भुक्तानी नभएको
- खर्चको तेरिज तथा फाँटवारी तयार नगरेको
- खाना खाजा तथा अन्य खर्चमा नर्म्सको पालना नभएको
- भ्रमण आदेश तथा भुक्तानी हुने निकाय उल्लेख नभएको
- श्रोतव्यक्तिलाई पारिश्रमिक र सुविधा सम्वन्धमा एकमुष्ठ भुक्तानी भएको, सार्वजनिक खरिद अनुगमन कार्यालयका प्रशिक्षकको दैनिक भत्ता ५४९५० भुक्तानी भएकोमा कुन निकायले व्यहोर्ने उल्लेख नभएको तथा प्रशिक्षण भत्ता ९८००० भुक्तानी भएकोमा कक्षा सञ्चालन र कार्यपत्र नरहेको
- खाना खाजा वापतको ५०८५०० भुक्तानी भएकोमा कोटेशन नरहेको
- पटक पटक साना २० हजार भन्दा तलको बिल संलग्न गरी भुक्तानी दिएको
- गाडी भाडा ३६००० भुक्तानी भएकोमा सोको प्रयोजन नखुलेको
- उक्त कार्यक्रम सञ्चालन तथा सम्पन्न भएको फोटो तथा प्रतिवेदन पेश नभएको

तसर्थ उल्लेखित तालिम सञ्चालन तथा यथार्थ खर्चका सम्वन्धमा यकिन हुने आधार नदेखिएको पालिकाले यस सम्बन्धमा थप यकिन गरी नर्म्स भन्दा बढी खर्च भएको असुल गरी खर्च नियमित गरेको प्रमाण पेश गर्नुपर्ने रु.

अनियमित भएको	३,५०,०००

८१ **बढी बाल विकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने र प्रत्येक विद्यालयमा १ जनामात्र कार्यालय सहयोगी राख्न सकिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रमा १ जना भन्दा बढी कार्यालय सहयोगी र २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास

सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ७०००।- का दरले भुक्तानी भएको रकम नियमसम्मत नदेखिएको रु.६९३०००

विद्यालयको नाम	कार्यरत बालविकास सहजकर्ता	विद्यार्थी सङ्ख्या	बढी बाल विकास सहजकर्ता	व्ययभार परेको रकम
श्री कृष्णवर्णेश्वर मा.वि. मानपुर	२	६	१	२३१०००
श्री गुप्तेश्वर आ.वि. भलायखर्क	२	९	१	२३१०००
श्री बाल मा.वि. भीरकोट	२	१०	१	२३१०००
			जम्मा	६९३०००

अनियमित भएको	६,९३,०००

८२ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दीको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

शिक्षक दरबन्दी पदपूर्ति २०८१ (सुनापति गाउँपालिका)							
सि.न.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	रिक्त पद	विद्यार्थी सङ्ख्या	अनुपात
१	श्री शतलिङ्गेश्वर मा.वि. गुन्सी	२०	२०	६	नभएको	२९१	१:१५
२	श्री पञ्चकन्या आ.वि. सोह्लखुट्टे	६	६	४	नभएको	४४	१:०७
३	श्री जागृत आ.वि. धारापानी	५	५	१	नभएको	२५	१:०५
४	श्री महाकाली आ.वि. सिरीचौर	५	५	२	नभएको	२७	१:०५
५	श्री धनेश्वरी आ.वि. गुन्सी	४	४	२	नभएको	२७	१:०७
६	श्री चौलागंगा आ.वि. गुन्सी	२	२	१	नभएको	१६	१:०८
७	श्री अग्लेश्वर मा.वि. दिमीपोखरी	११	११	७	नभएको	२०८	१:१९
८	श्री आ. वि. मन्दर मेलचौर	९	९	५	नभएको	६३	१:०७
९	श्री कृष्णवर्णेश्वर मा.वि. मानपुर	१७	१७	९	नभएको	१५३	१:०९
१०	श्री कालीदेवी आ.वि. पिपलथोक	४	४	४	नभएको	१७	१:०४
११	श्री नवदुर्गा आ.वि. राम्चे	१	१	१	नभएको	५	१:०५
१२	श्री गुप्तेश्वर आ.वि. भलायखर्क	४	४	३	नभएको	३१	१:०८
१३	श्री कृष्ण आ.वि. डोग्मा	७	७	५	नभएको	४६	१:०७
१४	श्री जन जागृत आ.वि. स्वारा	८	८	४	नभएको	४६	१:०६
१५	श्री पशुपति मा.वि. नागसिवा	१६	१६	७	नभएको	२१७	१:१४
१६	श्री डहू मा.वि. डहू	२८	२८	१८	नभएको	५३०	१:१९
१७	श्री सुनापति आ.वि. भ्वाँसा	६	६	१	नभएको	३९	१:०७
१८	श्री चन्द्रसूर्य आ.वि. भ्वाँसा	१	१	१	नभएको	१२	१:१२
१९	श्री बाल आ.वि. भलवाडी	५	५	२	नभएको	२६	१:०५
२०	श्री खाँडादेवी आ.वि. पानीघाट	३	३	२	नभएको	२४	१:०८
२१	श्री कालीदेवी आ.वि. लोप्राङ	१	१	१	नभएको	११	१:११
२२	श्री कुशेश्वर मा.वि. बेथान	२१	२१	६	नभएको	२२३	१:११
२३	श्री बाल मा.वि. भीरकोट	१८	१८	१२	नभएको	१९९	१:११
२४	श्री बालकल्याण आ.वि. सिम्पानी	२	२	१	नभएको	१३	१:०७
२५	श्री पञ्चकन्या आ.वि. छिमिरखोला	३	३	२	नभएको	४२	१:१४
२६	श्री कृष्णपुरी मा.वि. रुपाकोट	१६	१६	७	नभएको	२३५	१:१५
२७	श्री जलदेवी मा.वि. खनियापानी	८	८	३	नभएको	१०१	१:१३
२८	श्री भुटनदेवी आ.वि. डासे	२	२	१	नभएको	१२	१:०६
२९	श्री प्रगति आ.वि. कटुञ्जे	२	२	२	नभएको	२८	१:१४

३०	श्री ज्ञानज्योति आ.वि. कालिम्राङ	१	१	१	नभएको	४	१:०४
३१	श्री कालिदेवी आ.वि. होन्दल	२	२	२	नभएको	१३	१:०७
३२	श्री दिली आ.वि. जल्किनी	१	१	१	नभएको	८	१:०८
३३	श्री समाजकल्याण आ.वि. लोप्रा	२	२	२	नभएको	१२	१:०६
	जम्मा	२४१	२४१	१२६		२७४८	१:११

पालिका अन्तर्गत ३३ विद्यालयमा २४१ दरबन्दी रहेकोमा २४१ पदपूर्ति रहेको, १२६ जना करारमा रहेको देखिन्छ । विभिन्न ३३ विद्यालयमा जम्मा विद्यार्थी संख्या २७४८ रहेको र औसत ११ शिक्षक विद्यार्थी अनुपात रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

८३ शिक्षक विद्यार्थी अनुपात

गाउँपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दीर्घकालिन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नुपर्दछ । तिनै तहका सरकारबाट विद्यालयको संचालन व्यवस्थापनका लागी गाउँपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

प्रति विद्यार्थि लागत आ.व. २०८१/०८२ (सुनापति गाउँपालिका)				
वजेट विवरण	वजेट रकम	खर्च रकम	विद्यार्थी सङ्ख्या सामुदायिक	प्रति विद्यार्थी लागत
संघीय सरकार सशर्त	१६४४९९०००	१५६५६४५२७	२७४८	६५४५३
प्रदेश सरकार	६०६८०००	३४०२०६२		
पालिका	२०३०५०००	१९८९९०००		
जम्मा	१९०८७२०००	१७९८६५५८९		

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु.६५४५३ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उत्तीर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परिमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सीपयुक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

८४ शैक्षिक गुणस्तर

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २०८१ सालको एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थीमध्ये नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक विवरण देहायअनुसार छ ।

विद्यालयको नाम	एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी सङख्या		उत्तीर्ण विद्यार्थी सङख्या		उत्तीर्ण प्रतिशत		जी.पी.ए. को अवस्था		
	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	संस्थागत	सामुदायिक	जी.पी.ए.	संस्थागत	सामुदायिक
श्री शतलिङ्गेश्वर मा.वि. गुन्सी		३८		२८		७३.६८%		संस्थागत	3.6-4.0= 60
श्री अग्लेश्वर मा.वि. दिमीपोखरी		२३		४		१७.३९%			3.2-3.6= 69
श्री कृष्णवर्णेश्वर मा.वि. मानपुर		१३		७		५३.८५%			2.8-3.2= 50
श्री पशुपति मा.वि. नागसिवा		३१		२१		६७.७४%			2.4-2.8= 4
श्री डहू मा.वि. डहू		४८		४८		१००.००%			
श्री कुशेश्वर मा.वि. बेथान		२१		१९		९०.४८%			
श्री बाल मा.वि. भीरकोट		२७		२५		९२.५९%			
श्री कृष्णपुरी मा.वि. रुपाकोट		२१		१९		९०.४८%			
श्री जलदेवी मा.वि. खनियापानी		१३		१२		९२.३१%			
जम्मा		२३५		१८३		७७.८७%			

पालिकामा संस्थागत विद्यालय नरहेको र सामुदायिक विद्यालयमा एस.ई.ई. परीक्षा सहभागी मध्ये ७७.८७ प्रतिशत मात्र उत्तिर्ण रहेको पाईयो । शैक्षिक गुणस्तरमा थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

८५ काम बाँकी हुँदाहुँदै कार्यसम्पन्न प्रतिवेदन जारी

(ठेक्का नं २/०८१।८२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तीमा नब्वे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले कामा खोला चौरी खोला सामुदायिक खा.पा. योजनाको निर्माणका लागि रु.१,४१,७५,५१३.८६ को लागत अनुमान रहेको, निर्माण व्यवसायी P&K-Buddha JV ले कबोल अंक रु.७९,७०,१०८ को सम्झौता अनुसार मिति २०८१।६।१० सम्म सम्पन्न गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले निर्माणको शत प्रतिशत कार्य सम्पन्न गर्न नसकी रु.७०,२७,०८६.७४ (८८ प्रतिशत) को मात्र कार्य गरेको अवस्थामा पालिकाले भेरियसन समेत नगरी कार्यस्वीकार गरेको र कार्यसम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाइयो । यसरी रु.९,४३,०२१ अर्थात् १२ प्रतिशत कार्य बाँकी रहेको अवस्थामा कार्यस्वीकार गरी कार्यसम्पन्न प्रतिवेदन जारी गरेको नियमसम्मत देखिएन ।

८६ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियमा ३८ अनुसार अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको भएमा मात्र खर्च गर्न पाउने उल्लेख छ । अन्तर सरकारी अख्तियारीबाट स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत वडा नं. ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणकार्यको लागि रू. ३८८६०००.०० बजेट विनियोजन भएकोमा कार्य पालिकाको मिति २०८१।१०।२४ को निर्णयानुसार गाउँपालिकामा वडा नं ६ नभएकोले बडा नं. ५ मा भवन निर्माण गर्ने र बाँकी रकम निम्नानुसार कार्यमा बजेट वाँडफाँट र खर्च गरेको पाइयो । यसरी संघीय स्वास्थ्य मन्त्रालयको सहमति नलिइ शसर्त अनुदान रकम कार्यपालिकाको निर्णयबाट फरक कार्यमा खर्च गरेको रकम नियमसम्मत नदेखिएको रू.

कार्यक्रमको नाम	**बजेट**	**खर्च**	
वडा नं ३ मा सामुदायिक स्वास्थ्य इकाइ निर्माण	८०००००	६७८०००	
सुनापति १० शैया अस्पतालमा आधारभूत	१०८६०००	९५२४१४	
	१८८६०००	१६३००००	
		अनियमित भएको	१६,३०,०००

८७ **अधुरो कार्य**

सार्वजनिक खरिद ऐन 2063 को दफा 59(3ख) मा सेवा प्रदायक वा व्यवसायीले काम नगरेको कारणबाट सार्वजनिक निकायले काम गराउनु पर्दा लागेको थप लागतको दायित्व निज व्यवसायीले व्यहोर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्षसम्म निम्नानुसार ३ कार्यमा निर्माण व्यवसायी/ उपभोक्ता समितिले तोकिएको समयमा कार्य सम्पन्न नगरेकोमा कार्य तालिका अनुसार कार्य गर्न व्यवसायीलाई निर्देशन दिएको देखिएन। सम्झौता अवधिको शत प्रतिशत अवधि समाप्त हुँदा पनि व्यवसायीले कार्य नगरेको कारणले आयोजनाहरु अधुरा रहेका छन्। यस्तो अवस्थामा सम्बन्धित व्यवसायीको कार्य योजना लिएर निर्माण/आपूर्ति कार्य गर्नु पर्दछ। सो अनुसार नगर्ने व्यवसायीको कारणबाट आयोजनाको समय र लागत वढ्दै गएको अवस्थामा ठेक्काको अवस्था विश्लेषण गरी उल्लिखित कानुनी व्यवस्था अनुसार बैकल्पिक माध्यमले कार्य गरेर वढी दायित्व आउने लागत सम्बन्धितबाट भराउने गरी कार्य सम्पादन गराउनु पर्दछ।

निर्माण कार्य	निर्माण व्यवसायी	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्म खर्च	भौतिक प्रगति प्रतिशत
Procurement of Gunsi Chaur Pokhari Dharo NCB/03/2080/081) (गो भौ नं १८३।३।२४)	Sailungeshowri Chaurikhola Construction Company Pvt. Ltd.	९७७५१४७	२०८१।८।२३	२०८२।६।३०	४१४३१६९	४२
Construction of Sunapati Paryatakiya Chhetra (SUN/W/NCB/09/2077/078)	Uma & Company-Tulsi-B&B JV	३३७३४७६९	२०७८।३।२४	२०८२।१२।३०	२७२३०७३८	८०
तल्लो टोल गुन्सी गाउले धारो राजडाडा सडक (१४४।३।१८)	तल्लोटोल गुन्सी गाउले धारो राजडाडा सडक उपभोक्ता समिति	५३३५८५		२०८२।३।३१	३१९६८०	५९

८८ **पूर्व निर्धारित क्षतिपूर्ति**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४७,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०१,५६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२२,७०५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१८,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८९ **प्रोभिजनल समः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९० **पूर्व निर्धारित क्षतिपूर्तिः**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८१,२५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९१ **सुनापति पर्यटन गुरुयोजना**

पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागी बजेट वक्तव्यको पूर्वाधार विकासतर्फ गाउँपालिका गौरव आयोजनामा सुनापति पर्यटकिय क्षेत्र प्रवर्द्धन लहरेमाने वुद्ध मुर्ति र महादेव मन्दीर निर्माणको लागी बजेट विनियोजन भएको देखिन्छ । गत वर्ष समेत सोही कार्यक्रम रहेकोमा पालिकाले उक्त गौरवको योजनालाई टुक्रा पारी लामाटोल पोखरी निर्माण योजना, सुनापती डाँडामा महादेव मुर्ति निर्माण, सुनापती भर्याङ्ग डाँडामा वुद्ध मुर्ति निर्माण र लहरे मानेको पुरानो स्तुप स्तरोन्नती गरी ४ वटा योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला समेत संलग्न गरी १ करोड ६० लाख वजेट विनियोजन गरेको देखिन्छ । यसरी एउटै कार्यक्रम टुक्राएर कार्यान्वियनमा फरक फरक योजना वनाई टुक्रा गरी काम गराएको नियमसम्मत देखिएन ।

योजना	लागत अनुमान	खर्च रकम
लामाटोल पोखरी निर्माण योजना	६० लाख	४०६९४२६
सुनापती डाडामा महादेव मुर्ति निर्माण	६० लाख	३६९५०६४
सुनापती भर्याङ्ग डाडामा वुद्ध मुर्ति निर्माण	३० लाख	१२०४८११
लहरे मानेको पुरानो स्तुप स्तरोन्नती	१० लाख	१००००००
जम्मा	१ करोड ६० लाख	९९६९३०१

९२ **उपभोक्ताबाट खरिद** (६५-2081-12-19):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने उल्लेख छ । खरिद नियमावली अनुसार उपभोक्ता समिति मार्फत सामान खरिद गर्न मिल्ने देखिदैन । पालिकाले अक्षता डाँडा छ्योर्तेन निर्माण उपभोक्ता समितिसँग तामाको माने खोलो मन्त्र समेतको रु.२१७००० को लागत अनुमान तथा सम्झौता गरेकोमा सो थान्का तिव्वतियन थान्का आर्ट्स् सेन्टर (३०१३३११९३) वाट रु. २१७००० मा खरिद गरेको विल पेश भएको छ । यसरी नियमावली विपरित उपभोक्ता समितिमार्फत खरिद कार्य गराएको निमयसम्मत नदेखिएको रु.

अनियमित भएको	२,१७,०००

९३ **पालिका कार्यालयका काम उपभोक्ता समितिवाट**

कार्यालयवाट प्राप्त प्रतिक्रियाको आधारमा कायम संशोधित बेरुजु यसै प्रतिवेदनको थप बेरुजु खण्डतर्फ दफा नं. १ मा कायम गरिएको छ ।

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८,८६१,३७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

अनियमित भएको	०

९४ **उपभोक्ता समिति गठन भई काम नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड लागत सम्मको योजना उपभोक्ता समितिमार्फत् गराउन सकिने उल्लेख छ । सम्झौता पश्चातको कार्य उपभोक्ता समितिले समयमै सम्पन्न गरी सञ्चालन योग्य बनाउनुपर्दछ । पालिकाले यस वर्ष उपभोक्ता समिति निर्माण गरी सम्झौता भएका कतिपय योजनाहरु कार्यान्यिनमा आएको पाइएन। केहि उदाहरण निम्नानुसार छन् ।

योजनाको नाम	लागत अनुमान तथा सम्झौता अंक(भ्याट सहित)	उ.स. अध्यक्ष नाम	विनियोजित तथा सम्झौता रकम	वडा नं.
आँपचौर झोलुङ्गे पुल जाने बाटो	१६००२९	राजकुमार मानन्धर	१५००००	५
बुद्ध पोखरी मर्मत योजना	२१४२३५		२०००००	२
फलाटेगैरा मानपुर खानेपानी मर्मत योजना	१६०९६९	कुल बहादुर मगर	१५००००	२

सम्झौता भएका योजना लाभ्रग्राहीको आवश्यक्तानुसार सञ्चालनयोग्य वनाउन आवश्यक पहल हुनुपर्दछ ।

९५ **बढी भुक्तानीः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२३,९८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१९,०५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९६ **पशुपालन प्रवर्द्धन कार्यक्रमः**

गाउँपालिकाले कृषि तथा पशु सेवाका कार्यक्रमको लागि २०८१।९।१८ मा सुचना प्रकाशन गरी पशुपालन प्रर्वधन (बंगुर) कार्यक्रममा ३ वटा पशुपालन फर्म छनौट गरेकोमा उक्त कार्यक्रमबाट छनौट भएका भन्दा फरक कार्यक्रम गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार कृषि उपजको उत्पादनमा आधारित अनुदान कार्यक्रमका छनौट भएको रुपाकोट मौरीपालन कृषक समुहलाई रु २३४०००.०० भुक्तानी भएकोले कार्यक्रम विपरित खर्च भएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,३४,०००

९७ **कार्यक्रम विपरीत खर्चः**

स्थानीय तहबाट संचालन गरिने सशर्त अनुदा अन्तर्गत कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८१।८२ मा स्वास्थ्य संस्था सवलिकरण कार्यक्रम संचालन प्रकृयाको बुँदा नं ४ मा स्वास्थ्य संस्थाले स्वास्थ्यकर्मी वा चिकित्सक मात्र राख्न पाउने व्यवस्था भएकोमा उक्त

कार्यक्रम अन्तर्गत वडा नं ५ मा १ जना कार्यालय सहयोगीलाई मासिक १८४००.०० उपलब्ध गराउने गरी नियुक्त गरेको देखियो । यसरी निर्देशिकामा तोकिए बिपरित कर्मचारी राखी भुक्तानी दिएको देखिएकोले उक्त भुक्तानी भएको रकम अनियमित देखिएको रू.

अनियमित भएको	२,२०,८००

९८ **गृहणी महिला सशक्तिकरण कार्यक्रमः**

गृहणी महिला शसक्तिकरण कार्यक्रमः गृहणी महिला शसक्तिकरण कार्यक्रम अन्तर्गत समाजिक विकास कार्यालय धुलिखेल र गाउँपालिका बीच रू.२४०६६९८.०० लागत मध्ये समाजिक विकास कार्यालयले रू. १६८४६८८.०० र गाउँपालिकाले रू.७२२००९.०० खर्च गर्ने गरी २०८१।९।२८ मा सम्झौता भएकोमा रू. २३१९५५००० खर्च भएको छ। सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्

९८.१ **छनौटको आधारः** सम्झौताको बूँदा नं १२ गृहणी महिला सशक्तीकरण कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा १०.२ बमोजिम कार्यक्रममा सहभागी हुने महिलाको छनौटको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा तथा वेभसाइटमा कम्तिमा १५ दिनको म्याद दिई आफुले तालिम लिन चाहेको विषयक्षेत्र छनौट गरी सम्बन्धित स्थानीय तहले वडा कार्यालयमा निवेदन पेश गर्न सूचना प्रकाशन गर्ने र छनौट गर्ने उल्लेख भएकोमा सो अनुसार सुचना प्रकाशन गरेको पाइएन ।साथै सहभागि छनौटका आधार समेत पेश भएको छैन ।

सम्झौता र निर्देशिकाको पालनाः गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० को बुँदा नं २४ मा गृहिणी महिला सशक्तीकरण कार्यक्रम सञ्चालनका लागि खर्चका शीर्षक अनुसूची- ३ बमोजिम हुनेछ। अनुसूची ३ मा गृहिणी महिलाहरूको प्रोफाइल विकास र कार्यक्रम सञ्चालन, तालिम संचालन, बीउँ पूँजी, गृहिणी महिलाहरूको सशक्तीकरणका लागि चेतनामूलक, सशक्तीकरण कार्यक्रम, व्यवसायबाट उत्पादन तथा विक्रिको व्यवस्थापन, सिप परीक्षणको लागत लगायतमा खर्च गर्न मिल्ने देखिन्छ। उक्त खर्च शिर्षकमा मेशिनरी औजार किन्न मिल्ने देखिदैन।पालिकाले गलैचा तान ३० सेट खरिद गरी रु ९४५८१०.०० खर्च गरेको छ । गाउँपालिकाले कार्यक्रम संलालन गर्दा सम्झौता र निर्देशिकाको पालना गर्नुपर्दछ।

९८.२ गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८० को बुँदा नं ६ मा तालिम पुरा गरेका वाह्र देखि वीस जना समूह गठन गरी समूहको नाममा खाता खोली सामूहिक उद्यमशीलता गर्न चाहने समूहलाई समूहको बैङ्क खातामा रू.१ लाख निकासा गरिने उल्लेख भएकोमा पालिकाबाट तालिम नदिएको छापडाँडा गृहणी महिला उद्यमी समुहलाई समेत बिउँ पूँजी उपलव्ध गराएको देखिएकोले निर्देशिका विपरित खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु

अनियमित भएको	१,००,०००

९८.३ **प्रदेश सञ्चित कोष फिर्ता दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२५** को निर्णयले रू **२४,०३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

९८.४ प्रदेश संचितकोष फिर्ता दाखीला

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

९९ **झोलुङ्गे पुलः** (२-2081-10-09):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३९०,८०२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०० **पाइपको प्रयोगः** (९-2081-12-15):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०१ **अग्रिम आयकरः** (४-2081-11-01):

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **७,१२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

संपरीक्षणबाट थप भएको बेरूजू

क्र.सं.	बेरुजुको विवरण	रकम
१	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछी सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.	६०,७१,३७८

गो भौ नं	योजना	योजना खर्च रकम
१११।२।२६	गुन्सी वडा कार्यालय व्यवस्थापन र संचालन	५०००००
१९।३।१८	गुन्सी सामुदायिक स्वास्थ्य इकाई निर्माण तथा सवलीकरण	४१८८०८
८।१२।२०	भिरकोट सामुदायिक स्वास्थ्य इकाइ निर्माण तथा सवलिकरण	१००००००
११।२।२०	धारापानी सामुदायिक सामुदायिक स्वास्थ्य ईकाइ निर्माण तथा सवलीकरण	१००००००
३०।३।२३	केउररानी सामुदायिक स्वास्थ्य इकाइ भवन सवलीकरण	९७३५६४
२१।३।२१	स्वारा सामुदायिक स्वास्थ्य इकाइ सुनापति ०३ भवन	१४४००००
९१।१।२१	४ वडा कार्यालय रङ्गरोगन	१८९००६
८१।१२।२५	४ नं वडा कार्यालय शहिद पार्क व्यवस्थापन	४०००००
१३८।३।१६	पुरानो वाल विकास प्रा वि भवन मर्मत तथा व्यवस्थापन	१५००००
	जम्मा	६०७१३७८

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सुनापती गाउँपालिका, रामेछाप , सुनापति गाउँपालिका , रामेछाप

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
८१७,१९६	१३,९७३,११२	३,१३१,२९२.८	०	०	३५०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१८,२७१,६००.८
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					१३,१५९,८६६.८
संपरीक्षणबाट थप भएको बेरुजू रु.					६,०७१,३७८
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					११,१८३,११२

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		६१४२६६१५	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४६५४३८००४	चालु खर्च	३१४८७१८७९
प्रदेश सरकारबाट अनुदान	६५११९७०००	पूँजीगत खर्च	१४३५९६८०२
राजश्व बाँडफाँट	८४८३०९६३	वित्तीय/अन्य व्यवस्था	१८७६१०११८
आन्तरिक आय	६२७७३३३.०		
अन्य आय	८२०८३७३.०		
कुल आय	६२९९५१६७३.०	कुल खर्च	६४६०७८७९९
बाँकी मौज्दात		४५२९९४८९	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	"विविध खर्च "	खर्च परीक्षण
2	"स्वास्थ्य तर्फ "	स्वास्थ्यतर्फ
3	"राजस्व तथा आन्तरिक आय "	आन्तरिक आयतर्फ
4	"सामाजिक सुरक्षा "	सामाजिक सुरक्षातर्फ
5	"चालु तथा प्रशासनिक खर्च "	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
6	"खरिद व्यवस्थापन "	खरिद व्यवस्थापन
7	"कृषि तथा पशुतर्फ "	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम
8	"वार्षिक मर्मत खर्च(AMC) "	खर्च परीक्षण
9	"वित्तिय विवरण "	वित्तीय विवरणको विश्लेषण
10	अनुत्पादक खर्च	अनुत्पादक खर्च
11	"कोष तथा धरौटी "	कोष तथा धरौटी
12	शिक्षा	शिक्षातर्फ
13	"ठेक्का तथा प्रस्ताव व्यवस्थापन "	ठेक्का व्यवस्थापन
14	"अमानत, उपभोक्ता समिति तथा गैर सरकारी संस्थाबाट कार्य गराउने "	उपभोक्ता समिति मार्फत कार्य
15	सेवा प्रवाह	योजना तर्जुमा, बजेट तथा कार्यक्रम
16	पानी विजुली ईन्धन घर भाडा भुक्तानी	खर्च परीक्षण
17	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
18	"संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	सामाजिक सुरक्षातर्फ

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रामेछाप
वित्तीय प्रतिवेदन
आ.व. : २०८१/८२, अवधि : २०८१/०४/०१ - २०८२/०३/३२
प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार	गत आ.ब. को कारोबार
	राजस्व, अनुदान र अन्य प्राप्ति		
११०००	कर	८,७५,७६,३५९.६०	८,३२,३३,२६०.९६
१३०००	अनुदान	३५,९८,९१,१५६.२०	३४,६३,६४,५२१.५८
१४०००	अन्य राजस्व	३५,३१,९३६.६३	३९,६२,२७७.८९
३३३६६	दहत्तर बहत्तर शुल्क	०.००	०.००
क	कुल जम्मा प्राप्ति	४५,०९,९९,४५२.४३	४३,३५,६०,०६०.४३
३	चालु	३०,४२,७३,९२६.३०	२८,३७,००,४५७.०१
२१०००	पारिश्रमिक / सुविधा	१९,४३,४१,२४१.५५	१८,६३,१७,७३७.११
२२०००	मालसामान तथा सेवाको उपयोग	९,२८,९९,१२६.७५	६,९२,९१,२३६.४१
२५०००	सहायता (Subsidy)	८१,६९,५०७.००	५,४८,०००.००
२६०००	अनुदान	११,००,०००.००	२,०८,२८,८०५.०६
२७०००	सामाजिक सुरक्षा	६७,६४,१५१.००	५६,१७,३२८.४३
२८०००	अन्य खर्च	९,९९,९००.००	१०,९७,३५०.००
४	पूंजीगत	१५,४१,९५,६५४.८५	१५,०९,९६,००७.०१
३१११०	भवन तथा संरचना	७५,१६,९३८.००	३,३७,३९,८६६.७२
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,१७,९२,५७९.४१	८१,८३,९७८.८४
३११३०	अन्य पूँजीगत खर्च	१,४१,०३,७०९.००	१,४५,६३,८८०.००
३११५०	सार्वजनिक निर्माण	११,९७,६८,५२८.४४	९,४५,०८,२८१.४५
३११६०	निर्मितसरचनाको सुधार खर्च	५,२८,०००.००	०.००
३११७०	पूँजीगत सुधार खर्च	४,८५,९००.००	०.००
ख)	कुल जम्मा भुक्तानी	४५,८४,६९,५८१.१५	४३,४६,९६,४६४.०२
ग)	बचत /कमी (ग = क-ख)	(७४,७०,१२८.७२)	(११,३६,४०३.५९)

घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट	(१,०२,१४,२८७.२६)	(२५,१०,८३०.६८)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी	१,०४,४८६.७७	४,०२,५५९.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(१,७६,८४,४१५.९८)	(३६,४७,२३४.२७)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	६,१२,७१,७२३.३६	४,९८,९७,४७६.४५
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन		
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,३५,८७,३०७.३८	४,६२,५०,२४२.१८

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्रारम्भिक प्रतिवेदनमा यस दफामा संलग्न गरिएको पालिकाको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फाराम नं. २७०) हाल यसै प्रतिवेदनको दफा नं. २ संग सम्बन्धित अनुसूचिमा समावेश गरिएको छ ।

सुझाव

गाउँपालिकाद्वाराप्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी बनाउनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।